राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १४, कात्तिक १४ गते शुक्रबार, २०८२ (31 October, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# 'परिस्थिति सम्हाल्न चुनाव नै निर्विकल्प'

## आफूहरू चुनावमा होमिइसकेको र कांग्रेस-एमालेसँग पनि आग्रह गरेको प्रचण्डको भनाइ

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** राष्ट्रलाई वर्तमान संकटपूर्ण जटिल परिस्थितिबाट सहज अवस्थामा फर्काउन शान्तिपूर्ण निर्वाचनमा जानुको विकल्प नभएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले जनाएको छ। परिस्थितिलाई सम्हालेर शान्तिपूर्ण निर्वाचनमार्फत देशलाई समृद्धिको बाटोतर्फ लैजानुको विकल्प नरहेको माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को भनाइ छ।

संयोजक प्रचण्डले सोमबार गृहजिल्ला चितवनमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै पछिल्लो समय देशमा उत्पन्न परिस्थितिलाई सहज बनाउन निर्वाचनको विकल्प नभएकाले सबै पक्ष त्यसैमा होमिनुपर्नेमा जोड दिएका हुन् । निर्वाचन सफल पार्नु आफ्नो पार्टीको पहिलो कार्यभार भएको उल्लेख गर्दै पार्टीको तल्लो तहसम्मका नेता-कार्यकतालाई निर्वाचनको तयारीमा लाग्न निर्देशन दिइएको समेत उनले जानकारी गराए। 'चुनाव हुन्छ वा हुँदैन भन्ने होइन; चुनावको विकल्प छैन, त्यसैले पार्टी यसको तयारीमा लागिसकेको छ,' पत्रकारहरूसँग कुराकानी गर्दै उनले भने- 'मैले नेपाली कांग्रेसलगायत दलका नेताहरूसँग पनि निर्वाचनको विकल्प नरहेको विषयमा कुराकानी गरिरहेको छु; चुनावको वातावरण बनाउन हामी सबै लागौं, सरकार चुनावको वातावरण बनाउन लागेको मैले अनुभूति गरेको छु।'

सरकारलाई समेत अन्य कुरामा नअल्मलिएर निर्वाचनमा केन्द्रित हुन संयोजक प्रचण्डले आग्रह गरे। समाजवादी मोर्चामा रहेका पार्टीहरूसँग एकताका लागि सकारात्मक छलफल भएको जानकारी दिँदै उनले भने- 'यही हप्ताभित्र मोर्चाभित्र रहेका दलहरूबीच एकता हुने वा नहुने निष्कर्ष आउँछ; यसबाहेक मधेसवादी सहितका दल र माओवादी मिलेर निर्वाचनमा जाने सम्भावना पनि छ।'

क्रमशः अन्तिम पृष्ठमा

# लुटिएका हतियार फिर्ता र भागेका कैदी पक्राउ गरी चुनावी माहोल बनाऊ

**काठमाडौं ।** तोकिएकै समय (फागुन २१ मा) निर्वाचन सुनिश्चितताका लागि माहोल निर्माण गर्न राजनीतिक दलका नेताहरूले सरकारलाई सुझाव दिएका छन् । हालकै भय र अशान्तिको वातावरणमा चुनावको पक्षमा माहोल बन्न नसक्ने प्रष्ट्याउँदै 'जेन-जी' आन्दोलनका क्रममा लुटपाट भएका सुरक्षाकर्मीका हतियार फिर्ता एवं भागेका कैदीबन्दी पक्राउ गरी भयरहित वातावरणका साथ स्वच्छ, निष्पक्ष र धाँधलीरहित चुनावका लागि आवश्यक कदम चाल्न उनीहरूले सरकारलाई सुझाव दिएका हुन् ।

फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीका विषयमा भएका विभिन्न छलफलका क्रममा राजनीति दलका नेताहरूले दलीय शासन व्यवस्थामा राजनीतिक पार्टीहरूको सहभागिताविना निर्वाचनको कल्पना गर्न नसक्ने खुलस्त पार्दै निर्वाचनका लागि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति गर्न सरकार क्रियाशील हुनुपर्नेमा धारणा व्यक्त गरे । भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनका क्रममा जनधनसहित राज्यको महत्वपूर्ण संरचनामा गर्नेलाई कारबाही हुन नसकेको, सुरक्षाकर्मीबाट लुटिएका घातक हतियार फिर्ता नभएको र फरार भएका हजारौं कैदीबन्दी बाहिरै रहेको अवस्थामा एक खालको अन्योल देखिएको उल्लेख गर्दै नेपाली कांग्रेसका श्यामकुमार घिमिरेले लुटिएका हतियार र फरार कैदी फिर्ता हुनुपर्नेमा जोड दिए । देशभरका कारागारबाट ठूलो संख्यामा कैदीबन्दी भागेको अहिलेकै अवस्थामा भयरहित वातावरण हुनसक्ला भन्नेमा आशंका व्यक्त गर्दै उनले जुनसुकै अपराधिक गतिविधिमा संलग्नमाथि कारबाही हुनुपर्ने आफ्नो दलको मान्यता रहेको बताए । हतियार र कैदी फिर्ता नभई निर्वाचनको वातावरण बन्न नसक्ने दोहोर्‍याउँदै उनले घातक हतियार र कैदीबन्दी बाहिर रहेकाले चुनावमा जाँदा आक्रमणको भय रहेको खुलस्त पारे ।

'अर्कोतर्फ सुरक्षाकर्मीको मनोबल खस्केको छ, तल्लो तहसम्मका प्रहरी चौकीमा क्षति भएकाले सुरक्षाकर्मीको बस्ने, खाने र काम गर्ने वातावरण बनिसकेको अवस्था छ' घिमिरेको भनाइ थियो 'यस्तो अवस्थामा शान्तिपूर्ण एवं निष्पक्ष चुनावको अपेक्षा गर्न सकिँदैन । राज्यले कम्तीमा हिंसात्मक घटनामा संलग्नमाथि कारबाहीको प्रक्रिया सुरु गर्नुपर्‍यो । जेलबाट फरार रहेका कैदीबन्दीलाई फिर्ता ल्याउन कार्यदल नै बनाएर काम गर्नुपर्छ । प्रहरीका लुटिएका हतियार कसरी फिर्ता ल्याउने भन्नेमा सरकार लाग्नु पर्‍यो ।'

अब हुने निर्वाचनबाट पनि अहिलेकै राजनीतिक शक्ति अनुमोदित हुने अवस्थाप्रति औंल्याउँदै उनले त्यसले संसद विघटनको औचित्य पुष्टि नहुने भएकाले यही संसद पुनर्स्थापना गरी संविधानमा आवश्यक संशोधनमार्फत 'जेन-जी'ले

क्रमशः अन्तिम पृष्ठमा

# ग्राम्सीको 'प्रिजन नोटबुक्स' सारांश र विश्लेषण

समय- सन्देश

नारायण गिरी

प्रिजन नोटबुक्स एन्टोनियो ग्राम्सी (२२ जनवरी, १८९१-२७ अप्रिल १९३७) द्वारा लिखित एउटा पुस्तक मात्र नभएर यो फासीवादी इटालीको जेलमा बन्द एक मार्क्सवादी क्रान्तिकारीको सैद्धान्तिक हतियार हो, जसलाई उनले एघार वर्षीय कारावासको अवधिमा रचना गरेका थिए । यी नोटबुक्सलाई ग्राम्सीले जेलको सेन्सरशिपलाई ध्यानमा राखेर लेखेका थिए, त्यसकारण यसमा एक विशेष शब्दावली र जटिल अभिव्यक्तिकोझ्प्र योग गरिएको छ। यसको सङ्कलन र प्रकाशन उनको मृत्युपछि भएको थियो । 'प्रिजन नोटबुक्स' बीसौं शताब्दीको मार्क्सवादी चिन्तनको एक आधारस्तम्भ हो, जसले ऐतिहासिक भौतिकवादको सिद्धान्तलाई पुँजीवादको उन्नत पश्चिमी समाजमा क्रान्तिका समस्याहरूको समाधानको लागि गुणात्मक रूपले समृद्ध र विकसित गरेको थियो ।

'प्रिजन नोट्बुक्स' ग्राम्सीको एउटा यस्तो कृति हो, जसमा वास्तविक शक्ति पैसा वा बन्दुक नभएर हाम्रो सोच, हाम्रो संस्कृति र हाम्रो विश्वासमाथि नियन्त्रण गर्नु हो भन्ने कुरालाई स्पष्ट बनाइएको छ। ग्राम्सीले जेलमा बसेर समाजलाई सञ्चालन गर्ने वास्तविक खेल के हो, कसरी पुस्तक, मिडिया र शिक्षाले जनताका विचारहरूलाई ढालिदिन्छन् र पुरानो वा नयाँ जुनसुकै सत्ता किन यो खेलबाट बाहिर हुँदैन भन्ने कुरा राम्रोसँग बुझे ।

ग्राम्सीको चिन्तनको केन्द्रबिन्दु 'हेगेमनी' को अवधारणा हो । यो प्रक्रियाद्वारा पुँजीपति वर्गको शक्ति राज्यको दमनकारी यन्त्र सेना, पुलिस, अदालत जस्ता बलमा मात्र टिकेको हुँदैन, बरु सांस्कृतिक र विचारधारात्मक प्रभुत्व स्थापित गरेर उसले शासन गर्छ । पुँजीपति वर्गले आफ्नो प्रभुत्व दुई तरीकाले कायम राख्छ, जसमा रानीतिक समाज र नागरिक समाज पर्दछन् । राजनीतिक समाज शक्ति र जबर्जस्तीको क्षेत्र

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्।
>
> -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १४, कात्तिक १४ गते शुक्रबार, २०८२

## सम्पादकीय

# सवै पक्ष लाग, चुनाव सुनिश्चित गर

मुलुकमा विद्यमान असंवैधानिक अन्धकारबाट छिटोभन्दा छिटो राष्ट्र र जनतालाई उन्मुक्ति दिलाउनु यतिबेलाका लागि सवैको प्रमुख कार्यभार हो। तत्कालका लागि कुनै अग्रगामी निकासको गुन्जायस नभए तापनि यथास्थितिवाद जोगाएर प्रतिगामी अनिष्टलाई रोक्नकै निम्ति मात्र भए पनि यथासिघ्र स्वतन्त्र र निष्पक्ष चुनाव सम्पन्न गराउनु अपरिहार्य छ।

असंवैधानिक नै भए तापनि वर्तमान सरकारमार्फत राष्ट्रपति रामचन्द्र पौडेलले घोषित मिति अर्थात् २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन गराएर वर्तमान संविधान र व्यवस्थाको संरक्षण गर्न भरमग्दुर प्रयत्न गर्दै आएको देखिन्छ। संवैधानिक हैसियत, राजनीतिक विरासत, जिम्मेवारी र संस्कार तथा दायित्व केही पनि नभएको सरकारका लागि त केवल राष्ट्रपतिको प्रारम्भिक म्याण्डेट पूरा गर्नु अनि आफू सत्तासीन हुनुको उपादेयता सिद्ध गर्नुबाहेक चुनाव गराइहाल्नुपर्ने अथवा त्यसलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष तुल्याउनु खासै महत्त्वपूर्ण दायित्व नै होइन।

अतः परिस्थितिको यसखाले गाम्भीर्यतालाई मध्यनजर गरेर मूल धारका जिम्मेवार राजनीतिक शक्तिहरूले जे-जसरी हुन्छ, आफूलाई व्यवस्थित, संस्थागत एवम् सुदृढ तुल्याउने; आफैंलाई बढीभन्दा बढी लोकतान्त्रिक एवम् जनमुखी शक्तिका रूपमा परिमार्जित गर्ने अनि तोकिएकै समयमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष चुनाव गराउन मुख्य पहलकदमी लिएर अघि बढ्ने बाटो नै सर्वाधिक हितकर हुने तथ्य सुस्पष्ट नै छ। तसर्थ, सवैले आ-आफ्नो दायित्व बुझ्नून्; राष्ट्र र जनता मात्र नभई आ-आफ्नै भविष्य समेत सुनिश्चित गर्ने बाटोतर्फ लागून्!

## ग्राम्सीको प्रिजन...

हो। यो राज्यको त्यो पक्ष हो, जसले कानुन, पुलिस र सेनाको माध्यमबाट शासक वर्गको हितको रक्षा गर्छ। अर्कोतिर नागरिक समाज सहमतिको क्षेत्र हो। यसमा स्कूल, विश्वविद्यालय, मिडिया, कला, साहित्य जस्ता संस्थाहरू सामेल हुन्छन्। यी संस्थाहरूले मूल्यमान्यता र विश्वास पैदा गर्छन्, जसबाट समाजका सबै वर्गले शासक वर्गको प्रभुत्व स्वाभाविक, न्यायसङ्गत र सार्वभौमिक सत्य छन् भन्ने मान्न लाग्छन्।

ग्राम्सीले उपरिसंरचनाको सिद्धान्तलाई अझ परिष्कृत बनाए। उनका अनुसार उपरिसंरचना निस्क्रिय हुँदैन, बरु यसले आर्थिक आधारलाई कायम राख्नमा सक्रिय भूमिका निभाउँछ। 'हेगेमनी' त्यो प्रणाली हो, जसको माध्यमबाट उपरिसंरचनाले आधारको सेवा गर्दछ।

ग्राम्सीले इतिहासलाई केवल आर्थिक शक्तिहरूको परिणाम मान्ने मार्क्सवादी व्याख्याको खण्डन गरे। उनले सांस्कृतिक, विचारधारात्मक र राजनीतिक कारणहरूको सक्रिय भूमिकामा जोड दिए। ग्राम्सीका अनुसार राज्य केवल पुँजीपति वर्गको कार्यकारी समिति मात्र होइन, यो शक्ति र सहमतिको एक जटिल प्रणाली हो, जसमा नागरिक समाजको महत्त्वपूर्ण भूमिका हुन्छ। उनले पश्चिमी देशमा क्रान्तिको लागि एउटा नयाँ मार्गको सुझाव दिए, जुन केवल संसदीय राजनीति (सुधारवाद) वा सशस्त्र विद्रोह (अतिवाद) सम्म मात्र सीमित थिएन, बरु एउटा लामो सांस्कृतिक र बौद्धिक लडाइँमा केन्द्रित थियो।

### बौद्धिकजगत्

बुद्धिजीवी शब्द सुन्दा हाम्रो दिमागमा शायद कुनै ठूलो प्रोफेसर, दारी पालेको लेखक, कुनै प्रसिद्ध वैज्ञानिक वा ठूला-ठूला मञ्चमा भाषण गर्ने नेताको चित्र आउँछ। ग्राम्सी यो सोचलाई भङ्ग गर्दछन्। उनका अनुसार वास्तविक बुद्धिजीवी केवल पुस्तकमा डुबेका मानिसहरू हुँदैनन्, बरु ती हरेक मानिस हुन्छन्, जसले आफ्नो दिमागको प्रयोग गरेर समाजलाई दिशा प्रदान गर्दछन्।

किसानले मौसमलाई हेरेर वाली रोप्ने समय निर्धारित गर्छ। मजदुरले यन्त्रलाई पेचको खेल ठान्छ। लोक गायकले समाजको पीडालाई गीतहरूमा उतार्दछ। यी सबै बौद्धिकहरू हुन्। फरक केवल यति मात्र हुन्छ कि कसैले यो पहिचानलाई हासिल गर्छ भने कसैले केवल बाँच्नको लागि मात्र आफ्नो ज्ञानको प्रयोग गर्दछ। ग्राम्सीका अनुसार समाजमा हरेक वर्गले स्वयं आफ्नो बुद्धिजीवी पैदा गर्दछ। सत्तामा बसेका मानिसहरूसँग ती मानिहरू हुन्छन्, जसले तिनीहरूको सोचलाई सही ठहऱ्याउँछन्। पत्रकार, शिक्षक, कलाकार, लेखकले आफ्नो कलम र शब्दबाट सत्ताको मार्ग साँचो छ भन्ने कुरा नै प्रमाणित गर्दछन्। यिनीहरूलाई शास्त्रीय बौद्धिक भनिन्छ। यिनीहरूले स्वयंलाई तटस्थ मान्दछन् तर वास्तवमा सत्ताको सोचलाई समाजसम्म पुऱ्याउने माध्यम हुन्छन्।

त्यसपछि जैविक बौद्धिक आउँछन्। उनीहरू आफ्नो वर्गको आवाज बन्दछन्। कुनै मजदुर नेताले कारखानाभित्रको पीडालाई शब्दमा उतार्दछ। कुनै दलित लेखकले आफ्नो जातीय पीडालाई कथामा ढालिदिन्छ। कुनै महिला सक्रियतावादीले समाजको पुरानो ढाँचालाई चुनौती दिन्छिन्। यी बौद्धिकहरूले सत्ताको रौनकमा नभएर आफ्नो समुदायको लागि आवाज बुलन्द गर्छन्।

यसबाट वास्तविक शक्ति कोसँग हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ। त्यो शक्ति हतियारवाला वा दिमागमाथि शासन गर्नेसँग हुन्छ। ग्राम्सी स्पष्ट रूपमा भन्दछन् - शक्ति केवल बन्दुक नभएर दिमागको लडाइँ हो। सञ्चार, किताब, शिक्षा जस्ता सबै कुरा मिलेर हामीलाई एउटा साझा सोच प्रदान गर्दछन्, जुन वास्तवमा सत्ताको सत्यता हुन्छ। हामीलाई यो सबै स्वाभाविक छ भन्ने लाग्छ तर यो सत्यता हामीलाई विस्तारै-विस्तारै सिकाइएको हो। जस्तो कि एउटा बच्चाले बालककालदेखि नै एउटा कथा सुन्छ भने त्यसैबाट उसको सोच बन्छ। यदि कथा बदलियो भने उसको दृष्टिकोण पनि बदलिनेछ। यही कारणले गर्दा सत्तासीन वर्ग आफ्ना बुद्धिजीवीहरूको प्रयोग गर्दछन्, ताकि सच्चाईलाई आफूतिर मोड्न सकियोस्।

सरकारले आफ्ना समर्थक पत्रकार, शिक्षक र कलाकारहरूको माध्यमबाट आफ्ना कुरालाई यति धेरै दोहोऱ्याउँछ कि त्यो मानिसहरूको दैनिक कुराकानीको हिस्सा बनोस्। जस्तो कि मिडियामा एउटै कुरा पटक-पटक देखेपछि हामी स्वयं पनि त्यही कुरा दोहोऱ्याउन लाग्छौं। यो खेल यति गहिरो हुन्छ कि हाम्रो विचार पनि कसैले डिजाइन गरेको छ भन्ने कुरा हामी बुझ्नसम्म सक्दैनौं।

यद्यपि ग्राम्सीका अनुसार जहाँ सत्ताले आफ्ना बुद्धिजीवी निर्माण गर्छ, त्यहीं समाजले पनि आफ्नो वास्तविक आवाजयुक्त बुद्धिजीवी पैदा गर्न सक्छ। तिनै मानिसले आम जनताका पीडाहरूलाई शब्द प्रदान गर्छन् र विस्तारै-विस्तारै मानिसहरूलाई सच्चाई किताब र सञ्चार माध्यमबाट उल्लेखित विषय होइन भन्ने कुरा महसुस गराउँछन्। ग्राम्सीको यो सोच कुनै पनि समयमा लागू हुन्छ।

दिमागको लडाइँ सबभन्दा ठूलो लडाइँ हो। सोचको संसारलाई नियन्त्रित गर्ने मानिस नै वास्तवमा सत्ताको वास्तविक मालिक हुन्छन्। तर प्रश्न के सधैं यस्तै चलिरहन्छ त भन्ने हो। के सधैं सत्तासँग नै यो शक्ति कायम रहन्छ त ? वा कुनै बेला जनताको बीचबाट उठेका मानिसहरूले सोचको यो जन्जिरलाई भङ्ग गरिदिनेछन् ?

### शिक्षाबारे

शिक्षा स्कूल, कलेज, पुस्तक, डिग्री जस्ता कुराहरूबाट नै प्राप्त हुन्छ भन्ने लाग्छ। तर ग्राम्सीका अनुसार शिक्षा कुनै भवनको नाम होइन, बरु हरेक क्षण चल्ने एक प्रक्रिया हो। हामीलाई थाहा भए पनि र नभए पनि हरेक दिन र हरेक स्थानमा हामी सिकिरहेका हुन्छौं। सडकमा, घरमा, पत्रिका पढ्दै गर्दा, भ्रमण गर्दा, काम गर्दा र जेसुकै गर्दा पनि हरेक चीजले हामीलाई आकार प्रदान गरिरहेको हुन्छ। र, यही कारणले गर्दा सत्तासीन व्यक्ति शिक्षालाई सबभन्दा ठूलो हतियार मान्छन्। किनकि यदि उनीहरूद्वारा जनताले के पढ्छन्, के हेर्छन् र कुन चीजलाई सही ठान्छन् भन्ने कुरा निर्धारित गरियो भने उनीहरूलाई बन्दुकबाट भयभीत बनाउने कुनै आवश्यकता नै रहँदैन।

ग्राम्सीका अनुसार वास्तविक शिक्षा भनेको केवल जानकारी दिनु मात्र नभएर सोच्ने तरीकाको रचना गर्नु हो। बच्चाहरूलाई के सही हो, के गलत हो, कसको इज्जत गर्नुपर्छ, कोसँग डराउनुपर्छ भन्ने जस्ता सबै कुरा सिकाउनु शिक्षाको हिस्सा हो। र, यही खेल नै सबभन्दा खतर्नाक हुन्छ। कुनै सत्तालाई हाम्रो सोचको ढाँचा निर्धारित गर्ने अधिकार प्राप्त भयो भने हामी विद्रोह गर्नुभन्दा पहिले नै स्वयंलाई दोषी मान्न लाग्छौं। स्कूलका किताबहरूको खेल पनि भयङ्कर हुन्छ। तिनीहरूमा शासकद्वारा इतिहासमा जनतालाई सधैं कमजोर र पिछडिएको देखाइएको हुन्छ, ताकि उनीहरूको शासन सही लागोस्। यी पुस्तकमा शासकले कयौं सच्चाईलाई दबाएका हुन्छन्। इतिहासको एकतर्फी तस्विर देखाइन्छ।

यी सबै कुरा किन गरिन्छ भने किताब र शिक्षा समाजको स्मरण शक्ति हुन्। र, जसले यिनीहरूमाथि नियन्त्रण गर्दछ, त्यसले भविष्यलाई पनि लिखित रूप दिन सक्छ। ग्राम्सीका अनुसार शिक्षा कुनै तटस्थ चीज हुँदैन, यो सधैं कोही न कोहीको एजेण्डाको हिस्सा हुन्छ। यदि कसैले केवल सच्चाई सिकाइरहेको छ भन्छ भने यो उसको सच्चाई हो भन्ने कुरा बुझ्नुपर्छ। कुनै सार्वभौमिक सच्चाई हुँदैन र यही कुरा नै सबभन्दा बढी भयानक हुन्छ। किनकि स्कूलमा पढ्ने हामीमध्ये धेरैजसो मानिसले नै आफ्नो जिन्दगीको सच्चाईलाई मान्दछौं। हामीलाई आफ्नो विचार आफ्नै हो भन्ने लाग्छ तर वास्तविक रूपमा त्यो कसैले धेरै पहिले नै हाम्रो दिमागमा बिजारोपण गरिदिएको हो। ग्राम्सीका अनुसार शिक्षा केवल सत्ताको हतियार मात्र नभएर यो आम जनताको पनि हतियार बन्न सक्छ; यदि समाज स्वयंले आफ्नो आवाजको लागि शिक्षाको प्रयोग गर्यो भने। यसमा आफ्ना बच्चालाई प्रश्न गर्न सिकाउनुपर्छ। इतिहासको गौरव मात्र देखाउने होइन, यसको चोट पनि देखाउनुपर्छ। यसो हुँदा विस्तारै-विस्तारै जाल भङ्ग हुनसक्छ।

शिक्षालाई यदि स्वतन्त्रताको साधन बनाउने हो भने यही चीजले जनतालाई सोच्ने र बदल्ने शक्ति प्रदान गर्न सक्छ। त्यसकारण शिक्षाको वास्तविक अर्थ बच्चाहरूले के पढिरहेका छन् भन्ने होइन, बरु बच्चाले के पढ्नेछन् भन्ने कुरा कसले निर्धारण गरिरहेको छ भन्ने कुरा मुख्य हो। र, जब यो प्रश्नको गहिराईपूर्वक बोध हुन्छ, तब समाजका बाँकी स्तर पनि स्पष्ट रूपमा देख्न सकिन्छ। ती स्तर जति स्पष्ट रूपमा देख्न सकिन्छ, त्यति नै भयानक पनि हुन्छ।

### इतिहास सम्बन्धमा नोट्स

इतिहास केवल बितेको समयका कथाहरूको थुप्रो मात्र होइन, यो सत्ताको सबभन्दा खतर्नाक हतियार हो। इतिहासमा शताब्दियौंदेखि अलग-अलग शासक आएका हुन्छन् र जान्छन् तर वास्तविक शक्ति सधैं कथा लेख्ने व्यक्तिहरूसँग हुन्छ। शासकले किताब, कानुन र स्कूलहरूको माध्यबाट जनताको सोचलाई यसरी ढाल्छन् कि उनीहरूलाई सदैव आफू पिछडिएको र विभाजित भएको महसुस हुन्छ। उनीहरूले सभ्यता ल्याउने हक आफैमा राखेका हुन्छन्। उनीहरूले जनतामा विभाजन गरेर शासन गर्ने रणनीति अपनाएका हुन्छन्। यसको असर अहिलेसम्म पनि समाजमा गहिरो घाउको रूपमा रहेको छ।

ग्राम्सीका अनुसार कुनै पनि सत्ताले परिवर्तन यसरी ल्याउँछ कि आज जनतालाई केही बदलिएको छ भन्ने लागोस्। तर वास्तविक रूपमा सत्ताको खेल जस्ताको तस्तै हुन्छ। यसलाई ग्राम्सीले 'निस्क्रिय क्रान्ति' भने। शासकले बनाएको प्रणाली र ढाँचा धेरै समयसम्म कायम रहन्छ। कर्मचारीतन्त्र, कानून र शिक्षासमेत शासकले बनाएको संरचना अनुसार नै टिकेको हुन्छ।

इतिहासका किताहरूलाई हेर्दा यो खेल स्पष्ट रूपमा देख्न सकिन्छ। सरकारले इतिहासलाई आफ्नो तरीकाले लेख्दछन्। उनीहरूले कहिले आफ्ना नायकहरूलाई बढाईचढाई गरेर देखाउँछन् भने कहिले आफ्ना विरोधीहरूलाई मेटाइदिन्छन्। यो हरेक देशको वास्तविकता हो। इतिहासलाई सधैं सत्ताको दृष्टिकोणबाट लेखिन्छ।

बच्चाहरूले स्कूलमा त्यही सच्चाईलाई सिक्छन्, जुन त्यसबेला सत्ताले चाहन्छ। र, पुस्ताहरू यही सच्चाईसँगै ठूला हुँदा उनीहरूले आफ्नो अतीतको सही तस्विर कहिल्यै देख्न पाउँदैनन्। इतिहासमा हरेक विचारधाराले त्यसमा आफ्नो कथा खोज्छ। कसैले यसलाई सुनौलो अतीतको कथा बताउँछ भने कसैले यसलाई सङ्घर्षको कथा बताउँछ।

यद्यपि ग्राम्सीका अनुसार यदि जनताले आफ्नो इतिहासको वास्तविक तस्विर देख्न सकेनन् भने उनीहरू सधैं सत्ताको लागि मोहरा बनिरहनेछन्। किनकि जनतालाई उनीहरू कहाँबाट आएका हुन् भन्ने कुरा थाहा भएन भने कसैले पनि उनीहरूलाई कहाँ जानुपर्छ भन्ने कुरा विश्वास दिलाउन सक्छ। यो सोच आज पनि लागू हुन्छ।

यदि किताबहरूबाट विगतको कुनै पनि घटनाक्रमलाई मेटाइयो भने अर्को पुस्तालाई त्यो अवधिको सच्चाई थाहा हुँदैन। इतिहासको यो अदृश्य सेन्सरशिपले जनतालाई सत्ताको चाहना अनुसारको मानिस बनाइदिन्छ। र, यही कारणले इतिहास केवल अतीत मात्र नभएर एक जीवित हतियार हो, जसले या त जनतालाई शक्ति प्रदान गर्न सक्छ, या उनीहरूलाई सधैंको लागि मौन बनाइदिन सक्छ। यो कुरा बुझेपछि हामीले समाजको त्यो अदृश्य जालको झलक थाहा पाउन सक्छौं, जुन देखिँदैन तर त्यसले हाम्रा हरेक निर्णय र सोचलाई आफ्नो पक्कडमा राख्छ।

### आधुनिक राजकुमार

ग्राम्सीले मेकियाभेलीको प्रसिद्ध पुस्तक 'द प्रिन्स' तर्फ सङ्केत गर्दै आधुनिक राजकुमारमाथि विचार व्यक्त गरेका छन्। मेकियाभेलीका अनुसार एउटा राजाले सत्तामा रहिरहनको लागि चलाख, निर्दयी र रणनीतिक हुनुपर्छ। तर ग्राम्सीका अनुसार आधुनिक युगमा वास्तविक राजा कुनै एक्लो व्यक्ति नभएर एक सङ्गठित राजनीतिक पार्टी वा आन्दोलन हो। यही पार्टीले जनतालाई एकताबद्ध गर्दछ, उनीहरूको सोचलाई दिशा प्रदान गर्छ र समाजको भविष्य निर्धारित गर्छ।

ग्राम्सीका अनुसार जतिसुकै शक्तिशाली भए पनि एक्लो नेताले व्यवस्थालाई लामो समयसम्म परिवर्तित गर्न सक्दैन। वास्तविक शक्ति यस्तो सङ्गठनमा हुन्छ, जसले जनताको नाडीलाई बुझ्न सक्छ, उनीहरूका मुद्दालाई उठाउँछ र उनीहरूको सोच्ने तरीकालाई नयाँ आकार दिन सक्छ। यसलाई नै आधुनिक राजकुमार भनिन्छ।

यो कुनै श्रीपेच पहिरिएको राजा होइन, बरु एउटा यस्तो समूह हो, जुन समाजमा परिवर्तनको शक्ति बन्न सक्छ। कुनै पनि क्रान्ति केवल बन्दुकको बलमा मात्र हुँदैन। कुनै पनि व्यवस्था परिवर्तन गर्नको लागि 'हेगेमनी' अर्थात् जनताको सोच र संस्कृतिमाथि पक्कड कायम गर्ने कला सिक्नुपर्छ। यदि जनताले कुनै विचारलाई सही ठान्न लागे भने वास्तविक सत्ता त्यही विचारमा आउँछ।

यही कारणले गर्दा ग्राम्सीले राजनीतितलाई केवल चुनाव जित्ने

क्रमशः चौथो पृष्ठमा

# चुनावको वातावरण बनाउन हितबहादुरको आग्रह

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का नेता एवं पूर्वमन्त्री हितबहादुर तामाङले आगामी फागुन २१ का लागि तोकिएको चुनावको निम्ति वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन् ।

राजधानी काठमाडौंमा आयोजित 'संसद पुनर्स्थापना कि निर्वाचन' विषयक अन्तरर्क्रिया कार्यक्रममा बोल्दै पूर्वमन्त्री तामाङले वर्तमान अवस्थामा निर्वाचनमा जानुको विकल्प नरहेको र त्यसका लागि सरकारले वातावरण निर्माण गर्नुपर्ने बताएका हुन् । 'चुनावको निमित्त राजनीतिक दल र नागरिक समाजलाई विश्वस्त तुल्याउनुपर्छ । चुनाव निष्पक्ष हुन्छ, नागरिकले स्वतन्त्र ढंगले निर्वाचनमा भाग लिन पाउँछन् र निर्वाचन शान्तिपूर्ण ढंगले हुन्छ भन्ने कुरा राज्यको संयन्त्रलाई पनि विश्वास हुनुपर्‍यो' भन्दै पूर्वमन्त्री तामाङले आफ्नो पार्टी प्रत्यक्ष निर्वाचित कार्यकारीको निमित्त तयार रहेको बताए ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता कृष्णभक्त पोखरेलले आवधिक निर्वाचन निष्पक्ष र स्वतन्त्र ढंगबाट हुन्छ भन्ने कुराको सुनिश्चितता गरिनुपर्ने बताए । भ्रष्टाचारको कुनै पनि मुद्दामा एमालेका नेता जोडिएका भए छानबिन गर्न सरकारलाई आग्रह गर्दै उनले भने 'भ्रष्टाचारको कुनै पनि मुद्दामा एमालेका कोही पनि मान्छे परेका छन् भने छानबिन गरियोस् । हाल हामी सरकारमा छैनौं, त्यसैले हाम्रो आग्रह छ एमाले लगायत नेतामाथि छानबिन होस् ।'

# संविधान रक्षार्थ समर्पित हुन तरुणहरूलाई आग्रह

**ललितपुर ।** नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले तरुणहरूलाई जुझारु भएर मुलुक, जनता र संविधानको रक्षाका लागि समर्पित हुन आग्रह गरेका छन् । कांग्रेसको भातृ संस्था नेपाल तरुण दलको ७३औं स्थापना दिवसका अवसरमा केन्द्रीय कार्यालय सानेपामा आयोजित शुभकामना आदानप्रदान एवं चियापान कार्यक्रममा कावा सभापति खड्काले नेपाली इतिहासकै प्रतिकूल अवस्थामा उभिएको र कांग्रेस पार्टी समेत प्रतिकूल अवस्थामा रहेको भन्दै देश जोगाउन संकल्पसहित अगाडि बढ्न आग्रह गरेका हुन् ।

'शान्ति, सुशासन कायमका लागि 'जेन-जेड' युवाले गरेको शान्तिपूर्ण आन्दोलन घुसपैठ हुँदा मुलुकले ठूलो विपत्ति सामना गर्नुपर्‍यो, भदौ २४ गते देशको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामाथि आक्रमण गरेर ध्वस्त बनाइयो, जनतालाई अधिकार सम्पन्न बनाउन लागेका सन्तनेताको आश्रम खरानी बनाइयो, देशको सिंगै राज्यप्रणालीमाथि आक्रमण गरेर प्रतिकूल अवस्थामा पुर्‍याइयो' उनले भने । त्यस्तो प्रतिकूल अवस्थामा संविधानको संरक्षण गरेको भन्दैउनले राष्ट्रपति रामचन्द्र पौडेलको प्रशंसा समेत गरे । अहिलेको प्रतिकूल अवस्थामा नेपाल तरुण दलको स्थापना दिवस मनाउँदै उनले धैर्य भएर एकताबद्ध हुँदै संगठित भएर सुशासन र समृद्धिको अभियानमा लाग्न आग्रह गरे ।

कावा सभापति खड्काले एकताको भावबाट चालु केन्द्रीय समितिको बैठकबाट पार्टीको नियमित अधिवेशन, देशको निर्वाचन, भ्रातृ संस्थाका निर्वाचनलगायतलाई सम्बोधन गर्नेगरी बृहत एकताका माध्यमबाट प्रतिकूलतालाई चिर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले राष्ट्रिय एकता र संविधानको रक्षाका लागि मुलुकको सबै दल र पक्षहरूलाई एकताबद्ध गर्ने प्रस्ट मार्गदर्शनका साथ भरोसायोग्य कदम नेपाली कांग्रेसले चाल्ने विश्वास दिलाए । नेपाली जनता र राष्ट्रले कांग्रेससँग धेरै आशा, अपेक्षा र भरोसा गरेको भन्दै जनतामा रहेको सार्वभौमसत्ताको रक्षाका लागि एकताबद्ध भएर लाग्न सभापति देउवाले जिम्मेवारी प्रदान गरेको भन्दै उनले संयमता र धैर्यताका साथ सबैलाई मिलाएर विगतका कमजोरीलाई केलाएर समीक्षा गर्दै बृहत एकताद्वारा अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरे ।

नेपाल तरुण दलका अध्यक्ष विद्वान गुरुङले २०१० कात्तिक १० मा गठन भएको तरुण दलले कांग्रेसको हितका साथै मुलुक र जनताको पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए । तरुण दलले आफ्नो स्थापना दिवसका अवसरमा कांग्रेस केन्द्रीय कार्यालयमा रक्तदान कार्यक्रम समेत सञ्चालन गरेको छ ।

# आगजनी र लुटपाटमा संलग्नलाई फौजदारी कारबाही : गौरीबहादुर

**काठमाडौं ।** 'जेन-जी' प्रदर्शनका घटनासम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले भदौ २४ गते व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा आगजनी तथा लुटपाटमा संलग्नलाई फौजदारी कानुन अनुसार कारबाही गर्नुपर्ने बताएका छन् । आयोगद्वारा पर्सा जिल्ला प्रशासन कार्यालयमा आयोजित छलफलमा अध्यक्ष कार्कीले हातहतियार लुटपाट गर्ने र कारागारबाट भागेका कैदीबन्दीलाई कारबाही गर्न भने सरकारले अध्यादेशमार्फत कानुन बनाउनुपर्नेमा जोड दिएका हुन् ।

'सरकारी हातहतियार लुटेका लुटेरालाई विद्यमान कानुनले कारबाही गर्न केही अप्ठेरो रहेछ' उनले भने 'त्यसैले आयोगले उनीहरूलाई आवश्यक कानुनी कारबाही गर्न अध्यादेशमार्फत कानुन ल्याउन अनुरोध गरेका छौं ।' आयोगले कार्यादेश अनुसार निर्धारित समयमै कार्यसम्पादन गर्ने स्पष्ट पार्दै उनले आयोगको टोलीले अहिले जिल्ला-जिल्लामा पुगेर क्षति भएका संरचनाको स्थलगत अनुगमन तथा छलपल गरिरहेको जानकारी दिए । भदौ २३ को घटनामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको भूमिकाका विषयमा पनि आवश्यक कागजात माग्ने र अनुसन्धान भइरहेको बताउँदै अध्यक्ष कार्कीले पूर्व कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले आयोगले सत्यतथ्य छानबिन गरेर राष्ट्रसामु बाहिर ल्याउने जिम्मेवारी पूरा गर्न अनुरोध गरे । 'तपाईंहरूमाथि गहन जिम्मेवारी छ । सत्यतथ्य छानबिन गरेर सही र यथार्थपरक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्दछु' उनको भनाइ थियो ।

वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले 'जेन-जी'को आवरणमा आगजनी गर्नेलाई अनुसन्धान गरेर कानुनी कठघरामा ल्याउन माग गरे । 'पर्सामा आन्दोलनकारीको संख्या कम हुँदाहुँदै पनि व्यक्तिगत तथा सरकारी सम्पत्तिको रक्षा गर्न सकेनौं' उनले भने 'आन्दोलनको नाममा अराजक गतिविधि गरेर व्यक्तिगत, सार्वजनिक सम्पत्ति लुटपाट र आगजनी गर्नेलाई कडाभन्दा कडा कारबाहीको माग गर्दछु ।' छलफलमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का पर्सा अध्यक्ष डा विश्मभरप्रसाद शर्माले व्यक्तिगत र सार्वजनिक सम्पत्ति लुटपाट र आगजनी गर्ने जुनसुकै पार्टीमा आबद्ध भए पनि कारबाही गर्न अनुरोध गरे ।

नेपाली कांग्रेसका जिल्ला उपसभापति रामनारायण कुर्मीले 'जेन-जी' समूहले भन्दा पनि व्यक्तिगत रिसइवीका कारण जिल्लामा राजनीतिक दलको पार्टी कार्यालय र राजनीतिक दलका नेताहरूको घरमा आगजनी र लुटपाट भएको बताए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पर्सामा भएको क्षतिको विवरणबारे जानकारी गराए भने वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले भदौ २४ गतेको घटनामा संलग्न दोषीलाई कारबाही गर्न सरकारले कुनै कसर बाँकी राख्न नहुने धारणा व्यक्त गरे ।

# वर्षा र हिमपातले जनजीवन प्रभावित

**काठमाडौं ।** बेमौसमी वर्षा र हिमपातका कारण हिमाल, तराई र पहाड सबै क्षेत्रका जनजिवन प्रभावित बनेको छ । बिहीबार बिहानैदेखि परेको पानीले पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल सडकको दाउन्ने सडक खण्ड खवरुद्ध भएको हो । वर्षाका कारण मर्मतका लागि यसअघि नै एकतर्फी बनाइएको दाउन्ने सडक खण्ड विनयी त्रिवेणी गाउँपालिका-२ स्थित विश्वकर्मा मन्दिर र घ्युखोलामा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय नवलपरारीका सूचना अधिकारी मधु नेपालले जानकारी दिए ।

'बिहानैदेखि परेको पानीका कारण बाटो हिलो र चिप्लो हुँदो सवारीसाधन पश्चिमतर्फ जान सकेको छैनन् । दाउन्ने खण्डमा मालवाहक सवारीसाधन उकाले चढ्न नसकेपछि यस अण्डमा जाम हुन नदिन प्रहरी खटिएका छन्' उनले भने । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार आगामी २४ घण्टा काठमाडौं उपत्यकाका साथै आसपासका क्षेत्रमा वर्षा हुने जानकारी दिँदै सबै स्थानमा निरन्तर वर्षा हुनेछ । अहिले 'मोन्था' चक्रवातले आगामी २४ घण्टामा कोशी, वाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगमा एकदुई भारी हिमपातको सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

हिमाली जिल्ला मुस्ताङमा मंगलबार भएको हिमपातपछि भएको निरन्तर वर्षाले जनजिवन प्रभावित बनेको छ । मुस्ताङका पाँचवटै स्थानीय तहमा बुधबार बिहानदेखि निरन्तर वर्षा भइरहेको छ । यसअघि उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकासहित मुक्तिनाथ क्षेत्रलगायत स्थानमा भारी हिमपात भएको थियो । तर, तल्लो मुस्ताङको घरपझोङ र थासाङ गाउँपालिका उच्चलेकमा हिमपात भए पनि बस्तीमा हिमपात भएको थिएन । यो वर्ष मुस्ताङमा कात्तिकमै हिमपात भएको छ । हिमपात भएको निरन्तर वर्षाका कारण स्कुले बालबालिकालाई विद्यालय आउजाउ गर्न सास्ती भएको छ । मुक्तिनाथ क्षेत्रमा निरन्तर वर्षा भइरहेको मुक्तिनाथ विकास समितिका कर्मचारी रबिन सुवेदीले जानकारी दिए । वर्षाका कारण रानीपौवा बसपार्कदेखि मुक्तिनाथको तल्लो प्रवेशद्वारसम्मको बाटो हिलाम्मे भएको सुवेदीले जानकारी दिए ।

हिमपात र वर्षा भइरहे पनि भक्तजनका लागि मुक्तिनाथ मन्दिर खुल्लै रहेको रहेको जानकारी दिँदै उनले दर्शन लागि मुक्तिनाथ पुगेको ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्त भक्तजनलाई मन्दिर पुगेर दर्शन गरी फर्किन सकस भइरहेको बताए । वर्षापछि आएको पहिरोका कारण राष्ट्रिय गौरवको जोमसोम-कोरला सडक अवरुद्ध बनेको छ । जोमसोम-कागबेनी र कागबेनी-जोमसोम सडकखण्डमा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ । बुधबार साँझ जोमसोम-कागबेनी सडक खण्डअन्तर्गत वारागुङ मुक्तिक्षेत्र गाउँपालिकास्थित एक्लेभट्टी नजिक पहिरो भएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिए । कागबेनी-कोरला सडकखण्डअन्तर्गत वारागुङ मुक्तिक्षेत्र-३ ताङ्वे सडकमा पनि पहिरो गएको छ । पहिरोले सवारी आवागमन ठप्प भएको छ ।

मनसुन सक्रिय भई हिमपात र वर्षाको जोखिम कायमै रहेकाले रातिको समयमा यात्रा नगर्न अनुरोध गर्दै प्रमुख जिल्ला अधिकारी भुसालले सडक पुनः खुलाउन पहल भइरहेको बताए । बेमौसमी वर्षा भएपछि जिल्ला प्रशासन कार्यालय कास्कीले बाढीजन्य प्रकोपमा सतर्कता अपनाउन आग्रह गरेको छ । कार्यालयले सूचना जारी गर्दै जल तथा मौसम विज्ञान विभागबाट बिहीबार जारी मौसम पूर्वानुमानबमोजिम गण्डकी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना प्रक्षेपण गरिएको उल्लेख गरेको छ ।

विभागको पूर्वानुमानका आधारमा उत्पन्न हुनसक्ने बढी, डुबान, पहिरो, भूक्षय, हिमपातलगायतका जोखिमका साथै सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने सम्भावना समेतलाई मध्यनजर गरी सतर्कता अपनाउन अनुरोध गरेको हो । वर्षाका समयमा अत्यन्त जरुरी काम नभई घरदेखि टाढा र रातको समयमा यात्रा नगर्न आग्रह गर्दै कार्यालयले यात्रा गर्नुपर्दा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचनालाई पालना गर्न, गराउन अनुरोध गरेको छ । बाढीपहिरोको उच्च जोखिम रहेका स्थानमा उच्च सतर्कता अपनाउन र उपयुक्त र सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरिएको छ ।

वर्षाको समयमा राष्ट्रिय राजमार्ग तथा ग्रामीण सडकमा चल्ने सवारीसाधनलाई संयमतापूर्वक सञ्चालन गर्न, क्षमताभन्दा बढी यात्रु नचढाउन लगायत सुरक्षित यात्राका लागि सतर्कता अपनाउन यातायात व्यवसायीले आफू मातहतका सवारी चालक एवं सहचालकलाई सचेत गराउन आग्रह गरिएको छ । कास्कीको वीरेठाँटीदेखि घान्द्रुक, वीरेठाँटीदेखि उल्लेरी, लुम्लेदेखि लान्द्रुक र काहुँखोलादेखि ताङतिङ-सिक्लेस सडक खण्डमा बिहीबार साँझ ५ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्म सवारीसाधन नचलाउन आग्रह गरिएको छ । उच्च हिमाली क्षेत्रमा हिमपातकोसमेत सम्भावना भएकाले जिउज्यानको सुरक्षालाई दृष्टिगत गरी अन्नपूर्ण बेसक्याम्प, मर्दीहिमाल, खुमैडाँडा, कोरीलगायत स्थानमा मौसम सफा नभएसम्म पदयात्राका लागि ननिस्किन प्रशासनले अनुरोध गरेको छ ।

सबै स्थानीय तह, निजीक्षेत्र, पर्यटन व्यवसायी, होटल व्यवसायी, यातायात व्यवसायी, ट्रेकिङ एजेन्सीहरू, नागरिक समाज तथा सरोकारवाला निकायले मौसम पूर्वानुमान बमोजिम आवश्यक भूमिका निर्वाहगरी विपदजन्य घटनाबाट हुनसक्ने क्षति न्यूनीकरणमा खट्न आग्रह गर्दै कुनै विपदजन्य घटना भएमा सम्बन्धित स्थानीय तह, जनप्रतिनिधि, नजिकको प्रहरी इकाई वा सुरक्षा निकाय, स्थानीय प्रशासनमा तुरुन्त जानकारी गराउन पनि आग्रह गरिएको छ ।



# ग्राम्सीको प्रिजन...

खेल मात्र मान्दैनन्, बरु संस्कृति र विचारहरूको लडाइँ मान्छन् । हरेक राजनीतिक दल भोट माग्न मात्र लागेका हुँदैनन् । उनीहरूले जनताको सोचलाई पनि परिवर्तन गर्ने प्रयास गरिरहेका हुन्छन् । सञ्चारमाध्यमा लगातार प्रचारप्रसार, चलचित्र र अन्य अखबारहरूमा केही खास विचारहरूलाई बढावा दिनु, विद्यालयमा पढाइने कथा-कहानी जस्ता सबै कुरा त्यही आधुनिक राजकुमारका हिस्सा हुन् ।

वास्तविक खेल सत्ता प्राप्त गर्नुभन्दा पहिले जनताको दिमाग जित्नु हो । ग्राम्सीका अनुसार पार्टी वा आन्दोलनले केवल सत्ता प्राप्त गर्ने मात्र सपना देख्नु हुँदैन । त्यसले जनतालाई स्वयं सोच्ने, प्रश्न गर्ने र परिवर्तनको शक्ति राख्नसक्ने बनाउनुपर्छ । कुनै पार्टीले केवल चुनाव जित्ने कुरामा मात्र ध्यान दिन्छ भने त्यो वास्तविक आधुनिक राजकुमार हुँदैन । वास्तविक शक्ति त्यतिखेर मात्र बन्दछ, जब मानिस स्वयं किन र कसरी परिवर्तन आवश्यक छ भन्ने कुरा बुझ्न सक्छन् ।

राजनीति वास्तवमा धेरै गहन हुन्छ । यो केवल नेता र भोटको खेल मात्र नभएर समाजको आत्मालाई पकड्ने लडाइँ हो । र, यदि यो लडाइँ जितियो भने बाँकी सबै स्वतः परिवर्तित हुन्छ । तर प्रश्न के उठ्छ भने यो लडाइँ केवल एउटा पक्षले मात्र जित्छ वा कुनै यस्तो मार्ग छ, जसबाट जनता स्वयं यो खेलको मोहराबाट राजा बन्छन् ।

## राज्य र नागरिक समाज

सत्ताको वास्तविक खेल केवल सरकार र कानुनसम्म मात्र सीमित हुँदैन । त्यसले राज्य र नागरिक समाजको बीचको फरक बताउँछ । र, यही फरकबाट वास्तविक शक्तिले कसरी काम गर्दछ भन्ने कुरा बुझ्न सकिन्छ । राज्य भनेको सरकार, पुलिस, सेना, अदालत वा प्रत्यक्ष रूपमा दबाव पार्ने शक्ति हो । र, नागरिक समाज भनेको त्यो अदृश्य जाल हो, जुन हाम्रो चारैतिर फैलिएको हुन्छ । यो स्कूल, कलेज, सञ्चारमाध्यम, धर्म, परिवारसम्म फैलिएको हुन्छ । यसमा संसारमा के सही हुन्छ, के गलत हुन्छ, कुन कुरामाथि गर्व गर्नुपर्छ, कुन कुरामाथि डराउनुपर्छ भन्ने कुरा बताइएको हुन्छ ।

ग्राम्सीका अनुसार वास्तविक सत्ता बन्दुक वा कानुनबाट होइन, बरू सहमतिबाट सञ्चालित हुन्छ । यदि सरकाले हरेक कुरामा केवल भयको प्रयोग गर्यो भने जनता उठ्नेछन् । तर सरकारले हाम्रो सोचलाई यही नै सही हो भन्ने ढङ्गले ढालिदिए भने गोली नचलाइकन पनि हामीलाई नियन्त्रित गर्न सक्छन् । यही नै नागरिक समाजको वास्तविक भूमिका हो । त्यसले एउटा यस्तो साझा सोचको विकास गर्दछ, जुन वास्तवमा सत्ताको हितमा हुन्छ ।

हामीले सिकेका कुरा, कथा सुन्ने कुरा र नायक चुन्ने कुरा जस्ता सबै कुनै न कुनै विचारधाराको परिणाम हुन् । हामीलाई बालककालदेखि नै केही नाममाथि गर्व गर्न सिकाइन्छ, केही मुद्दामा चुपचाप रहन सिकाइन्छ । यही कारणले गर्दा समाजको एउटा ठूलो हिस्साले कुनै चीजलाई सत्य ठानेको खण्डमा त्यो सत्य बन्न पनि सक्छ, चाहे त्यो वास्तविकता होस् वा नहोस् । यसलाई नै 'हेगेमनी' भनिन्छ । यही नै दिमागमाथि शासन गर्ने खेल हो ।

नागरिक समाज केवल सत्ताको औजार मात्र होइन । यो सत्तालाई चुनौती दिने मैदान पनि बन्न सक्छ । जब कलाकार, लेखक, शिक्षक वा सञ्चारमाध्यममा सक्रिय व्यक्ति आफ्नो तरीकाले सच्चाई बोल्न लाग्छन्, तिनीहरूले नै समाजमा नयाँ बोध पैदा गर्न सक्छन् । यही कारणले गर्दा सत्ताले सधैं मिडियालाई नियन्त्रित गर्न, पुस्तक परिवर्तन गर्न र असहमतिका आवाजहरूलाई दबाउने प्रयास गर्दछ । किनकि उसलाई थाहा हुन्छ - यदि नागरिक समाज उसको विरुद्धमा भयो भने बन्दुकले पनि उसलाई बचाउन सक्नेछैन ।

सत्ता ठूलठूला भवनमा मात्र बसेको हुँदैन, त्यो हाम्रो घर, टेलिभिजन, अखवारमा, पुस्तकमा र यहाँसम्म कि हाम्रो दैनिक कुराकानीमा समेत विद्यमान हुन्छ । त्यसले हाम्रो साझा सोचलाई यस्तो बनाइदिन्छ कि हामीलाई यही नै प्राकृतिक हो भन्ने लाग्छ । जबकि त्यो केवल एउटा बनावटी सच्चाई हुन्छ । र, यो चीजलाई बुझेपछि समाजको नक्सा स्पष्ट रूपमा देखिन्छ । हामीले देखिरहेको संसार पूर्ण सच्चाई होइन भन्ने कुरा महसुस हुन्छ । तर यो सच्चाईलाई बुझ्नु मात्र खेलको अन्त होइन । यो त केवल अर्को चालको शुरुवात मात्र हो ।

## अमेरिकनवाद र फोर्डवाद

ग्राम्सी अमेरिकालाई एक मोडेलको रूपमा हेर्छन् । तर कुनै सपनाको धरातलको रूपमा नभएर एक यस्तो प्रयोगशालाको रूपमा, जहाँ पुँजीवादले मानिसको जिन्दगीलाई पूर्ण रूपमा परिवर्तित गर्ने तरीका खोजेको छ । उनी कुन कुरामाथि जोड दिन्छन् भने हेनरी फोर्डले बनाएको उत्पादन पद्धति 'फोर्डिज्म' केवल कारखानामा मात्र सीमित रहेन, बरु यो समाजको नसा-नसामा उत्रियो ।

फोर्डवादको अर्थ यन्त्रहरूमा आधारित ठूलो परिणामको उत्पादन होरङ्ग । त्यहाँ हरेक मजद्ुरको काम यति धेरै विभाजित भएको हुन्छ कि उसले दिनभरी एउटै काम दोहोर्‍याइरहन्छ । यसबाट कारखानाहरू बढी उत्पादनशील हुन्छन् । कम मूल्यमा चीजहरू उत्पादन हुन्छन् । र, पुँजीपति अझ बढी शक्तिशाली हुन्छ ।

यद्यपि ग्राम्सीले यहाँ वास्तविक खेल देखाउँछन् । फोर्डवादले कामको तरीकासँगै सोचलाई पनि परिवर्तित गरिदिन्छ । मानिसलाई दैनिक रूपमा उही काम गर्ने बानी बसेपछि ऊ यन्त्रको हिस्सा बन्छ । उसको समय, दिमाग र आवश्यकता जस्ता सबै कुरा प्रणालीको हिसाबले ढल्न लाग्छन् । र, यो नयाँ जीवनस्तरलाई अमेरिकावाद भनियो । त्यसमा सबै कुरा तीव्र रूपमा ठूलो परिमाणमा र कुशलतापूर्वक सञ्चालित हुन्छ ।

यो मोडलले संसारलाई के देखाउँछ भने पुँजीवाद केवल कारखानामा मात्र सीमित नरहेर यसले मानिसको सम्पूर्ण जिन्दगीमाथि शासन गर्न सक्छ । यसले कामसँगै सोचलाई पनि ढालिदिन्छ । जिन्दगीको अर्थ बढी काम गर्नु, बढी कमाउनु र बचेको समयमा केही चीज किन्नु भन्ने लगाइन्छ । यो प्रणालीले हामीलाई यन्त्र जसरी काम गर्ने तालिम प्रदान गर्छ । र, यसको बदला हामीलाई थोरै सुविधा दिन्छ, ताकि हामी खुशी पनि रहौं र प्रणालीमाथि प्रश्न पनि नउठाऔं ।

ग्राम्सीका अनुसार फोर्डवाद केवल मजदुरको लागि मात्र नभएर सम्पूर्ण समाजको लागि हुन्छ । स्कूलका बच्चाहरू समयमै आउनु, घण्टी बज्ने वित्तिकै काम शुरु गर्नु र आज्ञा मान्ने आदत सिकाउनु जस्ता सबै कुरा यसैका हिस्सा हुन् । यी सबै कुरा कारखानामा काम गर्ने आदत बसाउने तालिम हो । विज्ञापनले हामीलाई ती चीजको इच्छा प्रकट गर्नमा बाध्य बनाउँछन्, जसको हामीलाई आवश्यकता नै छैन । र, हामी स्वतन्त्र छौं भन्ने सोच्छौं तर वास्तवमा हामी प्रणालीले निर्धारित गरेको स्वतन्त्रतामा बाँचिरहेका हुन्छौं ।

ग्राम्सीका अनुसार 'फोडिज्म' ले एक नयाँ अनुशासन र कुशलता पनि पैदा गरेको छ, जसले समाजलाई एकप्रकारले आधुनिक पनि बनाएको छ । तर प्रश्न यो सबै कुरा असल वा खराब हो भन्ने होइन, प्रश्न यो कसको नियन्त्रणमा छ भन्ने हो । यदि यही व्यवस्थाले मजदुरहरूको लागि काम गर्यो भने यो प्रगति बन्न सक्छ । यदि यो केवल मुनाफा कमाउनको लागि भयो भने यो एक अदृश्य जेल बन्छ, जसमा जोकोही मुस्कुराइरहेको बन्दी हुन्छ ।

यसरी हामी कुनै ठूलो प्रणालीको चुपचाप सञ्चालित यन्त्रका हिस्सा बन्छौं । यसबाट के बुझिन्छ भने वास्तविक स्वतन्त्रता राजनीति र कानूनबाट मात्र प्राप्त हुँदैन, यसमा केही अरु चीज पनि हुन्छन्, जसले हामीलाई भित्रैबाट जकडेर राखेको हुन्छ र त्यसलाई बुझ्ने काम सबभन्दा जटिल हुन्छ ।

## दर्शनको अध्ययन

दर्शनशास्त्र केवल पुस्तकमा बन्द रहेको कुनै भारीभरकम विषय होइन । यो हरेक मानिसको दिनाचार्यको हिस्सा हो । हरेक व्यक्तिलाई दार्शनिक मानिदैन तर हरेक व्यक्ति कुनै न कुनै सोच, विचारधारा वा चिन्तनका आधारमा बाँचेको हुन्छ र यही नै उसको दर्शन हो । फरक यति मात्र हो कि केही मानिसको सोच अध्ययन र बहसबाट विकसित हुन्छ र बाँकी मानिसहरूको सोच समाज र संस्कृतिबाट प्राप्त कहानी, आदत र परम्पराबाट निर्माण हुन्छ ।

ग्राम्सीका अनुसार हामीले साझा सोचबाट सावधान रहनुपर्छ । किनकि सदैवदेखि यस्तै थियो वा सबैले भनेकोले यो सही नै होला जस्ता स्वाभाविक लाग्ने कुरा वास्तवमा सत्ता र इतिहासको तर्फबाट विस्तारै-विस्तारै हाम्रो सोचमा प्रदान गरिएको हुन्छ । हामीलाई यो हाम्रो आफ्नो विचार हो भन्ने लाग्छ र तर यो अरु कसैले बनाएको ढाँचा हुन्छ, जसमा हामी हुर्किएका हुन्छौं ।

वास्तविक दर्शन त्यहींबाट शुरु हुन्छ, जहाँ हामी यी धारणाहरूमाथि प्रश्न उठाउन शुरु गर्दछौं । दर्शन केवल कक्षाकोठा वा विश्वविद्यालयसम्म मात्र सीमित हुँदैन । यो हरेक व्यक्तिले सोच्ने र संसारलाई बुझ्ने प्रयास हो । तर ग्राम्सी यहाँ एक चेतावनी पनि दिन्छन् । यदि हामीले दर्शनलाई केवल पढेलेखेका मानिसहरूको खेल मान्यौं भने सत्ताले सधैं हाम्रो दिमागलाई नियन्त्रित गर्नेछ । किनकि त्यतिबेला आम मानिसले कहिल्यै आफ्नो विचारमाथि प्रश्न नै उठाउने छैनन् ।

ग्राम्सी एक नयाँ सोचतर्फ सङ्केत गर्दछन् । उनका अनुसार हामीले दर्शनलाई जीवनसँग जोड्नुपर्छ । जोकोही दार्शनिक बन्न सक्छ यदि ऊ आफ्नो सोचको मालिक बन्यो भने । यदि उसले किन कुनै कुरामा विश्वास गर्ने, किन कसैमाथि रिसाउँने, किन कुनै चीजलाई सही वा गलत ठान्ने भन्ने कुरा बुझ्यो भने ऊ दार्शनिक हुन्छ । यही आत्मजागरुकताले हामीलाई प्रणालीका अदृश्य जन्जिरहरूलाई पहिचान गर्ने शक्ति प्रदान गर्छ ।

समाजमा जोकोहीले उसको सोच आफ्नो नभएर कोही अरुले दिएको साझा सोच हो भन्ने कुरा बुझ्न लाग्यो भने समाजमा परिवर्तनको लहर आउन सक्छ । दर्शन कुनै छुट्टै संसार नभएर हाम्रो दैनिक जिन्दगीको सबभन्दा आवश्यक स्तर हो । यही हतियारबाट हामी सत्यतालाई पहिचान गर्न सक्छौं र झूटलाई काट्न सक्छौं ।

यसबाट के बुझिन्छ भने हामी आफ्नो सोचको जरासम्म पुग्नको लागि दर्शनबाट भाग्न सक्दैनौं । हामीले यसलाई अपनाउनुपर्छ; यसलाई बुझ्नुपर्छ र यसलाई आफ्नो जिन्दगीमा उतार्नुपर्छ । तर यो यात्रा सहज भने छैन । किनकि हामीले वास्तवमा प्रश्न सोध्न शुरु गरेपछि अचानक संसार धेरै फरक देखिन्छ । र, यो यात्रामा सामुन्ने आउने अर्को स्तर अझ गहिरो र खतर्नाक हुन्छ ।

## मार्क्सवादका समस्याहरू

मार्क्सवाद कुनै स्थिर सिद्धान्त होइन, यो एक जीवित सोच हो । ग्राम्सीका अनुसार मार्क्सवादलाई बुझ्नको लागि त्यसलाई पुस्तकमा कैद गर्नुहुँदैन । किनकि समाज सदैव परिवर्तित भइरहन्छ । र, यदि कुनै विचारधारा बदलिएन भने त्यो पनि प्रणालीको हिस्सा बन्छ । मार्क्सवादले हरेक अवधिमा नयाँ प्रश्नहरूसँग टक्कर गर्नुपर्ने हुन्छ, नत्र त्यसले आफ्नो शक्ति गुमाउनेछ ।

मार्क्सवाद केवल आर्थिक विश्लेषणको नाम मात्र होइन , यो मानवीय अभ्यास हो अर्थात् यो बुझ्ने मात्र नभएर बदल्ने तरीका हो । मार्क्सवादलाई लागू गर्ने काम त्यति सहज छैन । किनकि हरेक देश, हरेक समाज र हरेक समयको आफ्नो सच्चाई हुन्छ । किताबमा लेखिएका कुराहरूलाई जस्ताको तस्तै लागू गर्न लागियो भने यसको परिणाम उल्टो हुनसक्छ । मार्क्सवादलाई जीवित राख्नुको अर्थ त्यसलाई आफ्नो समय र समाजको हिसाबले ढाल्नु हो ।

उन्नाईसौं शताब्दीको अन्त र बीसौं शताब्दीको शुरुवातमा मार्क्सवाद एक अनिवार्यतावादी र नियतिवादी दर्शन बनेको थियो । यसमा ऐतिहासिक भौतिकवादलाई एक यस्तो नियमको रूपमा पेश गरिरहिएको थियो, जसले स्वतः समाजवादलाई स्थापना गरिदिनेछ, जसबाट क्रान्तिकारी व्यक्तिपरकता (मानवीय इच्छाशक्ति, सङ्गठन, चेतना) को भूमिका कम भयो । रूसमा अक्टोवर क्रान्ति (१९१७) सफल भयो तर जर्मनी, हंगेरी र इटाली जस्ता धेरै विकसित पुँजीवादी देशहरूमा क्रान्तिकारी आन्दोलन असफल रह्यो । ग्राम्सी यही अन्तरलाई बुझ्न चाहन्थे । यिनै समस्याहरूको समाधानको लागि उनले मार्क्सवादका समस्यहरूमाथि विचार गरेका थिए । उनको उद्देश्य मार्क्सवादलाई त्यसको जीवन्त र ऐतिहासिक विशेषतामा फिर्ता ल्याउनु थियो ।

ग्राम्सीका अनुसार मार्क्सको मूल सिद्धान्तलाई विकृत बनाएर नियतिवादी सिद्धान्त बनाइयो । यसका अनुसार आर्थिक आधार ( उत्पादन सम्बन्ध) ले स्वतः नै राजनीतिक र सांस्कृतिक उपरिसंरचनालाई निर्धारित गर्छ । यो दृष्टिकोणमा आर्थिक सङ्कटले अपरिहार्य रूपमा क्रान्ति ल्याउनेछ, त्यसकारण क्रान्तिकारी पार्टीको काम केवल प्रतीक्षा गर्नु र सङ्कट आएपछि त्यसबाट फाइदा उठाउनु हुनेछ । ग्राम्सीले यसलाई गम्भीर भूल मान्दछन् । उनका अनुसार मार्क्सवाद व्यवहारको दर्शन हो । यो दुनियाँको व्याख्यासँगै बदल्ने साधन हो । आर्थिक सङ्कटले क्रान्तिको लागि एक अवसर पैदा गर्छ तर त्यसले कुनै सुनिश्चितता प्रदान गर्दैन । क्रान्ति सामाजिक चेतना, राजनीतिक सङ्गठन र सांस्कृतिक वर्चस्वको क्षेत्रमा लडाइँ जितेपछि मात्र सफल हुन्छ । मार्क्सवादी शब्दावलीमा उपरिसंरचना (राज्य, कानून, धर्म, शिक्षा, सञ्चार, आदि) केवल आधारको निस्कृय प्रतिबिम्व होइन, यसले सापेक्ष स्वायत्तता राख्छ र स्वयं आधारलाई प्रभावित गर्ने क्षमता राख्छ ।

अन्त्यमा, ग्राम्सीको प्रिजन नोटबुक्स बीसौं शताब्दीको मार्क्सवादी चिन्तनको एक महत्वपूर्ण ग्रन्थ हो । यसले वर्गसंघर्षको बुझाइलाई कारखानाको चौघेराबाट निकालेर समाजको सम्पूर्ण सांस्कृतिक र विचारधारात्मक संरचनासम्म पुर्‍याइदियो । 'हेगेमन', स्थितिको युद्ध, जैविक बुद्धिजीवी जस्ता अवधारणाहरू सैद्धान्तिक योगदान मात्र नभएर आजका जटिल र सञ्चारमाध्यमद्वारा सञ्चालित वैश्विक समाजमा क्रान्तिकारी परिवर्तनको लागि व्यावहारिक रणनीति हुन् । ग्राम्सीले यसमा सत्ताको सबभन्दा बलियो किला जनताको दिमागमा हुन्छ र त्यसलाई जित्नको लागि सबभन्दा लामो लडाइँ त्यहीँ लडिन्छ भन्ने गहन शिक्षा प्रदान गरेका छन् ।

## सन्दर्भ स्रोतहरू


Anderson, Perry (1976). "The Antinomies of Antonio Gramsci." New Left Review, I/100, 5-78.

Bates, Thomas R. (1975). "Gramsci and the Theory of Hegemony." Journal of the History of Ideas, 36(2), 351-366.

emia, Joseph V. (1981). Gramsci’s Political Thought: Hegemony, Consciousness, and the Revolutionary Process. Oxford: Clarendon Press.

Lears, T.J. Jackson (1985). "The Concept of Cultural Hegemony: Problems and Possibilities." The American Historical Review, 90(3), 567-593.

Gramsci, Antonio (1971). "The Intellectuals." In Selections from the Prison Notebooks (pp. 5-23). Ed. Q. Hoare & G. Nowell-Smith.

# कार्की मन्त्रीपरिषद विस्तार, दुई मन्त्रीको सपथ

**काठमाडौं ।** 'जेन-जी' प्रदर्शनपछि बनेको सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारका नवनियुक्त दुई मन्त्रीहरुले पद तथा गोपनियताको सपथ लिएका छन् । शीतलनिवासमा आयोजित विशेष समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय, नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा गौतम र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सपथ गराएका हुन् ।

स्वास्थ्य मन्त्रालयका पूर्वसचिव समेत रहेकी डा गौतम र 'जेन-जी' प्रदर्शनका अगुवा गुप्तालाई प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले मन्त्रीमा नियुक्त गरेका थिए । यी दुई सपथ ग्रहणसँगै गत भदौ २७ मा गठित मौजुदा मन्त्रिपरिषदको संख्या १० पुगेको छ । यसअघि गत भदौ ३० र असोज ६ गते मन्त्रिपरिषद विस्तार भएको थियो । सपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, मन्त्रीगण, प्रनिधिसभाका उपसभामुख इन्दिरा राना, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित रहेको थियो ।

यसअघि आइतबार प्रधानमन्त्री कार्कीले मौजुदा मन्त्रिपरिषद विस्तारका लागि चार जना नयाँ मन्त्री नियुक्तिका निम्ति नाम सिफारिस गरेकी थिइन् । प्रधानमन्त्रीको सचिवालयका अनुसार स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा पूर्वसचिव डा सुधा गौतम, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीमा गणपतिलाल श्रेष्ठ, श्रम तथा रोजगारमन्त्रीमा खगेन्द्र सुनुवार र युवा तथा खेलकुदमन्त्रीमा बब्लु गुप्ता सिफारिस भएका थिए ।

# क्याब्रिअन पट्रोलमा स्वर्ण पदक विजेता सैनिक टोली सुशोभित

**काठमाडौं ।** प्रधानसेनापति अशोक राज सिग्देलले संयुक्त अधिराज्य बेलायतमा सञ्चालन भएको 'एक्सरसाइज क्याब्रिअन पट्रोल २०२५' मा स्वर्ण पदक विजेता नेपाली सेनाको टोलीलाई आज प्रशंसा पदक प्रदान गरेका छन् । सैनिक मुख्यालय जगीअड्डामा आयोजित कार्यक्रममा उक्त अभ्यासमा सहभागीलाई 'प्रधानसेनापति प्रशंसा निशान' पदकबाट सुशोभित गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

अन्तर्राष्ट्रिय स्तरको सैनिक प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याई नेपाल र नेपाली सेनाको छवि एवं गौरव बढाउन पुऱ्याएको योगदानको उच्च मूल्यांकन स्वरूप सहभागी नौ जना प्रतियोगी र एक जना व्यवस्थापकलाई प्रशंसा निशानद्वारा सम्मान गरिएको हो । असोज १७ देखि २६ गतेसम्म बेलायतको वेल्स, ब्रेकनमा सञ्चालन भएको उक्त अभ्यासमा ३३ राष्ट्रका ११७ वटा टोलीको सहभागिता थियो ।

# वर्षाका कारण धान थन्क्याउन नपाउँदा किसान चिन्तित

**काठमाडौं ।** मुख्य पर्व चटारो सकिएसँगै पाकेको धानबाली भित्र्याउने अन्तिम तयारीमा रहेका विभिन्न जिल्लाका किसानलाई बेमौसमी वर्षाले काटेको धान समेत खेतमै भिजेपछि चिन्तित तुल्याएको छ । धान काटेर भित्र्याउने अन्तिम तयारी रहेका रामेछापका किसानलाई बुधबारदेखि परेको अविरल वर्षाले खेतमै भिजाएपछि चिन्तित बनाएको हो ।

तिहार सकिएलगत्तै पाकेको धान काटेर भित्र्याउने तयारी हुँदै गर्दा मौसम प्रतिकुल हुने कुरा विभिन्न सञ्चार माध्यममार्फत जानकारी पाए पनि पानी पर्ने बेलासम्म भित्र्याइसके आसले आफूहरूले धान काटेको मन्थली-७ का किसान सरिता ढुंगेलले बताइन् । काटेर सुकाएको धान झार्नका लागि धमाधम मुठा बाँध्ने काम भइरहेको बेला पानी पर्न थालेपछि धान भित्र्याउने काम बिथोलिएको हो । वर्षा भएपछि जिल्लास्थित मन्थली, खिम्ती, कुनाउरी र माडिफाँट, भटौली फाँटलगायतका किसानले फाँटमा काटेको र मुठा बाँधेको धान भिजेको हो ।

महोत्तरीका किसानलाई बुधबार मध्यरातपछि परेको अविरल वर्षाले मुख्यबाली धान भित्र्याउन नपाएर चिन्तित बनाएको छ । दीपावली र छठसहितका मुख्य पर्व सकेर धान काट्ने, चुट्ने र थन्क्याउने मेसोमा लागेका महोत्तरीका किसानलाई लगातारको वर्षाले चिन्ता बढाएको हो । महोत्तरीसहित मधेशका जिल्लामा मंगलबार बिहानैदेखि मौसम धुम्मिएर बुधबार मध्यरातदेखि झमझम पानी परिरहेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएर किसानको चिन्तामा परेका छन् । पाकेको धानबाली थन्क्याउन नपाउँदा जिल्लाका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका किसानलाई चिन्तित बनाएको छ । 'धान खेतमा पाकेर पहेँलपुर छ, चाडवाड सकेर काटौंला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो' भङ्गाहा-५ कर्पुरगञ्जका किसान रामजुलुम बाँतरले भने 'पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुनेभयो ।'

हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउनुपर्नेमा यो पानीले काम बिगारेको बाँतर बताए । चाँडै पाक्ने धान लगाएका मधेशका उत्तरी क्षेत्रका किसानलाई वर्षाले पिरोलेको हो । पाकेर पहेँलपुर भएको धान भित्र्याउने मेसोमा रहेका बर्दिबास, गौशाला र भङ्गाहा क्षेत्रका अधिकांश किसान पानी परेपछि बिथोलिएका छन् । उत्तरी क्षेत्रमा धान पाकेर पहेँलपुर भए पनि मध्य र दक्षिणी क्षेत्रमा भने मंसिरमा पाक्ने धान बढी रोपिँदा परेको पानीले त्यति बिगारी नपुऱ्याएको किसानले बताए । 'अहिले पानी त चाहिएको थिएन, तर हाम्रोतिर धान पाक्न अझै दुई साता लाग्छ, त्यसैले अहिले परेको पानीले धेरै बिगार नगर्ला' रामगोपालपुर-२, महानपुरका किसान कादिर हुसैन भने 'चोटिलो पानी पऱ्योभने बोटबाटै धान झर्ने डर छ ।' पानी परेपछि धान काट्ने काम दुई/चार दिनपछि धकेलिएको किसान बताउँछन् । हिउँदे धान काटेर दुई/तीन दिन निहिनमा सुकाउनुपर्ने हुँदा मौसम सफा हुन पर्खनै पर्ने बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतो बताए । अब धान काट्न हुने ढिलोले गहुँ छर्ने, आलु रोप्ने र दलहन बाली लगाउने कामलाई पनि पछि धकेल्ने चिन्ताले किसान पिरोलिएका छन् । धान काटेर उखु रोप्ने मन बनाएका किसान पनि छटपटिएका छन् ।

अहिलेको पानीले हिउँदे तरकारी रोप्ने, गोडमेल गर्ने र फलेका तरकारी पालोमा टिपेर बजार पुऱ्याउन पनि नदिने किसानको चिन्ता छ । पानी परेपछि टिपेर बजार पुऱ्याउन पर्ने भण्टा, रामतोरिया, घिरौंला, लौका र झिमनी एक दिनमै छिप्पिने अनि ढुसी लाग्ने र कीराको आक्रमण गर्ने तरकारीखेतीमा लगाएका बर्दिबास-९ पशुपतिनगरका रामविनोद महतो सुनाए । कहिले खडेरी, कहिले बेमौसमको वर्षा आफूहरूलाई अप्ठ्यारो र नोक्सान पुऱ्याउने गरेको किसानहरूको गुनासो छ । एउटा कामको समय घर्किदा त्यसले पछिसम्म प्रभाव पार्ने गरेको किसानको अनुभव छ । अहिले जिल्लाकै मुख्यबाली मानिने धान थन्क्याउन अनुकूल समय बिग्रदा चिन्ता थपेको किसानले बताए ।

अहिले मधेश प्रदेश सरकारले बङ्गालको खाडीको मोन्था चक्रवातको प्रभाव मधेशका सबै जिल्लामा पर्ने भनेर सचेत गराउँदै धान काट्ने काम तत्काल नगर्न सचेत गराएको छ । बुधबार मधेश प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिको बैठकपछि मुख्यमन्त्री जीतेन्द्र सोनलले अहिले सावधानी अप्नाउन आम प्रदेशवासीलाई सचेत गराउँदै अनुकूल मौसम नहउञ्जेल धान नकाट्न अपिल गरे ।

# पश्चिमी वायु र 'मोन्था' चक्रवातको आंशिक प्रभाव

**काठमाडौं ।** अहिले देशभरका विभिन्न भू-भागमा पश्चिमी वायु र 'मोन्था' चक्रवातको आंशिक प्रभाव परेकाले वर्षा हुने सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले बताएको छ । हाल देशमा पश्चिमी वायुको सक्रिय प्रभाव छ भने अरब सागरमा बनेको न्यून चापीय प्रणाली र बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था'को आंशिक प्रभाव परेको महाशाखाले उल्लेख गरेको हो ।

कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशसहितका पहाडी भू-भागमा बुधबार दिउँसो अधिकांश समय बादल लाग्ने जानकारी दिँदै महाशाखाले तराईका भू-भागमा सामान्य बदली रहने तथा कोशी, मधेश र बागमती प्रदेशका धेरै स्थानहरूमा मध्यम वर्षा हुने सम्भावना रहेको बताएको छ । गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका केही स्थानमा वर्षा र हिमपातको सम्भावना छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा हुने विभागको पूर्वानुमान छ । महाशाखाले देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही भागमा मध्यम हिमपात हुन सक्ने जनाएको छ । वर्षा र हिमपातको सम्भावना रहेका स्थानको यात्रा गर्ने तथा ती भेगका किसानलाई महाशाखाले सतर्कता अपनाउन आग्रह गरेको छ ।

# वर्षा र हिमपातबाट जोगिन सातबुँदे अनुरोध

**काठमाडौं ।** नेपालमा पश्चिमी वायु र अरब सागरबाट विकसित प्रणालीका कारण पश्चिम नेपाल प्रभावित भइरहेका बेला पुनः बङ्गालको खाडीबाट 'मोन्था' चक्रवातको असर देखिन लागेपछि सोमबार विपद प्राधिकरणले नागरिकका लागि सात बुँदे अनुरोध जारी गरेको हो ।

सो चक्रवातका कारण कोशी प्रदेश, बागमती प्रदेश र मधेश प्रदेशमा वर्षा र हिमपात गराउने जल तथा मौसम विज्ञान विभागबाट सोमबार विशेष बुलेटिन जारी भएलगत्तै साँझ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नागरिकहरूमा सचेतनाका लागि सात बुँदे अनुरोध सार्वजनिक गरेको हो । प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार उक्त प्रणालीको असर रहुञ्जेल सकेसम्म यात्रा नगर्न र तातो भएर बस्न तथा आवश्यक मौसमी सूचनाबारे जानकारी लिएर कार्य गर्न अनुरोध गर्नुभएको छ । प्राधिकरणले जारी गरेको सात बुँदे अनुरोधमा उल्लेख गरिएको छः-

- अत्यन्त जरुरी नभइ सकेसम्म यात्रा नगर्ने ।
- डुबान हुनसक्ने बस्तीका बासिन्दाले उँचो (अग्लो) र सुरक्षित स्थानबारे जानकारी लिने र अरुलाई पनि जानकारी दिने । आवश्यक पर्नासाथ सुरक्षित स्थानमा जाने ।
- प्रभावित हुनसक्ने नदी किनाराका बासिन्दा सतर्क भइराख्ने । जोखिम देखिए सुरक्षित स्थानमा सर्ने ।
- धान तथा अन्यबाली नकाट्ने, काटेको भए तत्काल भित्र्याउने ।
- प्रभावित हुनसक्ने जिल्लाका विपद् व्यवस्थापन समिति एवं सुरक्षा समितिले आवश्यकता अनुसार सवारी आवागमनबारे निर्णय गर्ने । सोको पालना गर्ने, गराउने ।
- तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहने ।
- पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्यमा सहयोग गर्ने साझेदार संस्थाहरू जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिको सम्पर्कमा रही सतर्क (अलर्टमा) रहने ।

पछिल्लो समय विकसित मौसम प्रणालीबाट कोशी प्रदेशका सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ र सुनसरी जिल्ला प्रभावित हुने पनि बताइएको छ ।

यस्तै, मधेश प्रदेशका बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा र सप्तरी तथा बागमती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली रहेका छन् । यस अवधिमा बागमती, कमला, कोशी र कन्काई नदी र यी नदीका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र कोशी, बागमती र मधेश प्रदेशका महाभारत, चुरे भई बहने स-साना नदीनालाहरूमा आकस्मिक बहाव हुन सक्ने सम्भावना समेत रहेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था'का कारण २०८२ कात्तिक १३ गते बिहीबार दिउँसोदेखि कात्तिक १५ गते शनिबार बिहानसम्म कोशी, मधेश र बागमती प्रदेशको मौसम प्रभावित हुनेछ । उक्त प्रणालीको प्रभावबाट मधेश र कोशी प्रदेशका धेरै स्थान तथा बागमती प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ भने मधेश र कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहनुका साथै गण्डकी र लुम्बिनी प्रदेशका पूर्वी भू-भागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको जनाएको छ ।

# निरन्तर त्रिपक्षीय छलफलमा प्रमको जोड

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले सरकार, राजनीतिक दल र 'जेन-जी' समूहबीच निरन्तर छलफल हुनुपर्नेमा जोड दिएकी छन् । को त्रिपक्षीय छलफल सुरु भएको छ । प्रधानमन्त्री कार्कीले त्रिपक्षी समूहबीच निरन्तर छलफल र विचार आदान-प्रदान हुनुपर्ने बताएकी हुन् । प्रधानमन्त्री निवास, बालुवाटारमा बुधबार भएको त्रिपक्षीय छलफलमा प्रधानमन्त्री कार्कीले नेपालको समस्या सबै नेपाली मिलेर सामना गर्नुपर्ने भएकाले सहभागीलाई आपसमा पर्याप्त छलफल लागि निरन्तर सहभागी हुन आग्रह गरेकी हुन् ।

'सबै विचारको आदानप्रदान गरौं । मुलुक हाम्रो हो, हामीले नै बनाउने हो, हामीले नबनाए कसैले बनाइदिँदैन' प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले संवादको सुरुमै भनिन् 'एकपटकको कुराकानीले हुँदैन, बारम्बार हुनुपर्छ । हामीले सुरुआत गरेका छौं र यसलाई निरन्तरता दिऔं ।' निर्वाचनको माहोल बनाउन पहिलो पटक यो महत्वपूर्ण छलफल भएको प्रधानमन्त्री कार्कीको धारणा थियो । छलफलमा सहभागी 'जेन-जी' समूहका प्रतिनिधिले चुनाव चाहिएको तर 'चुनाव-चुनाव' भनेर मात्रै नहुने तर्क गर्दै आन्दोलनको मुख्य एजेण्डा सुशासन भएकाले भ्रष्टाचारविरुद्धको कारबाहीको काममा सरकारले उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

प्रधानमन्त्री निवास बालुवाटारमा जारी छलफलमा राजनीतिक दलबाट १६ र 'जेन-जी' समूहबाट १४ जनाको सहभागिता रहेको छ । बैठकमा सरकारको तर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री डा महावीर पुन र सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदीश खरेल सहभागी रहेका छन् । 'जेन-जी' समूहबाट 'इण्डिजिनिस 'जेन-जी' केलेक्टिभ', 'हाउ टु देश विकास' र 'जेन-जी मुभमेन्ट एलाइन्स' का तर्फबाट १३ जना सहभागी रहेका छन् । छलफलमा आगामी फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको समग्र वातावरण निर्माण, राजनीतिक समझदारी जुटाउने लगायतका विषय कार्यसूची रहेको छ ।

राजनीतिक दलका तर्फबाट नेपाली काग्रेसका प्रवक्ता प्रकाशशरण महत, नेकपा (एमाले) का तर्फबाट केन्द्रीय सदस्य महेश बर्तौला, युवा संघका अध्यक्ष क्षितिज थेबे, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)बाट नेताहरू नारायणकाजी श्रेष्ठ, वर्षामान पुन र माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उपभापति डा स्वर्णीम वाग्ले र केन्द्रीय सदस्य निशा डाँगी, नेकपा (एकीकृत समाजवादी)बाट प्रकाश ज्वाला र राजेन्द्र पाण्डे र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट महामन्त्री राजेन्द्रकाऱ गुरुङ र प्रवक्ता मोहन श्रेष्ठ सहभागी रहेका छन् ।

'जेन-जी' का तर्फबाट १३ जना प्रतिनिधि मोनिका निरौला, रक्षा बम, पुरुषोत्तम यादव, सामना लावती, खेमराज साउद, उपअर्जुन चाम्लिङ, भोजविक्रम थापा, मिराज ढुङ्गाना, विवेक दाहाल, जेम्स कार्की, रेहनराज डंगोल, अमित खनाल र राजन रानामगर सहभागी भएका थिए ।

# प्रतिनिधिसभा विघटनबारेका रिटमा सुनुवाइ

**काठमाडौं ।** सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिट निवेदनको सुनुवाइका क्रममा वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले प्रतिनिधिसभा विघटन र सरकार निर्माण प्रक्रिया असंवैधानिक भएको जिकिर गरेका छन् । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुँयाल र डा मनोजकुमार शर्माको संवैधानिक इजलासमा बहसका क्रममा डा सुरेन्द्र भण्डारीले पूर्वप्रधान न्यायाधीश सुशीला कार्की र सर्वोच्च अदालतका पूर्व न्यायाधीश अनिलकुमार सिन्हाको नियुक्ति संविधान विपरित भएको धारणा व्यक्त भएको हो ।

कानुन व्यवसायीहरूले गत भदौ २३ गतेको घटना र २४ गते सिंहदबार, सर्वोच्च अदालतलगायत संरचना जलाउने काम मानवताविरुद्धको अपराध सरह भएको हुँदा सत्यमा कसैलाई पनि छुट दिन नमिल्ने जिकिर गरे । नेपाल बार एसोसिएनका पूर्व अध्यक्ष गोपालकृष्ण घिमिरेले असंवैधानिक तरिकाले प्रतिनिधिसभाको विघटन भएको हुनाले निरन्तर सुनुवाइ गरेर प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने धारणा राखे । उनले निर्वाचन गर्ने कार्यसूची पाएको सरकारले दीर्घकालीन असरपार्ने राष्ट्रिय महत्त्वका काम गर्न रोक लगाउनुपर्ने बताएए ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटन असंवैधानिक भएको धारणा व्यक्त गरे । उनले सरकारको नियुक्ति प्रक्रिया नै अवैध भएकाले त्यसको निरूपण नभइ निर्वाचन हुन नसक्ने धारणा राखे । अधिवक्ता खम्मबहादुर खातीले सरकारले संवैधानिक अधिकार प्राप्त गर्न सक्ने अवस्था नभएकाले दीर्घकालीन असरपर्ने कुनै पनि काम गर्न नदिन अन्तरिम आदेश गर्नुपर्ने माग गरे । संविधानअनुसार धारा ७६ अनुसार राष्ट्रपतिलाई अधिकार नभएको र वैकल्पिक सरकारभन्दा पनि संविधान मुलुकमा छ कि छैन भन्ने गम्भीर सवाल रहेको उनले बताए । रिट निवेदक डा प्रेमराज सिलवालले सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटन दुवै असंवैधानिक रहेको जिकिर गर्दै प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने माग गरे । प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिट निवेदनमा सुनुवाइका विवादमा बहस जारी छ ।

गो.हु.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## परिस्थिति सम्हाल्न...

यसअघि आफ्नो निर्वाचन क्षेत्र गोरखा पुगेका प्रचण्डले त्यहाँ पनि निर्वाचनको माध्यमार्फत संविधान र लोकतन्त्रको रक्षा गरेर अघि बढ्नुपर्नेमा नै जोड दिएका थिए। माओवादी केन्द्र गोरखाको आयोजनामा आइतबार भएको कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा बोल्दै वर्तमान राजनीतिक परिस्थितिमा निर्वाचनको अर्को विकल्प नभएको धारणा उनले व्यक्त गरेका थिए। पछिल्लो परिस्थितिको निकास निर्वाचनबाटै हुने विश्लेषण गर्दै निर्वाचनबाट पछि हट्नु नहुने धारणा उनले व्यक्त गरे। निर्वाचनका लागि उपयुक्त वातावरण बनाउन सरकारलाई सबै ढंगले दबाब दिनु आवश्यक रहेको समेत उनले बताए।

'जेन-जी' प्रदर्शनको गम्भीर समीक्षा गरेर जटिल परिस्थितिमा देशलाई निकास दिन निर्वाचन नै विकल्प भएको निष्कर्ष माओवादीले निकालेको स्पष्ट पार्दै कुनै पनि बहानामा फेरि अर्को दुर्घटना हुन नदिनु सबैको जिम्मेवारी रहेको प्रचण्डले बताए। संयोजक प्रचण्डले तोकिएकै समयमा निर्वाचन हुनुपर्ने धारणा व्यक्त गर्दै 'जेन-जी' पुस्ताले उठाएका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीबारे आफ्नो पार्टीले सुरुदेखि नै आवाज उठाउँदै आएको समेत प्रष्ट्याए।

**समस्या समाधान र संकटको निकासमा लाग्न अपिल**

यसैबीच, पूर्वप्रधानमन्त्री समेत रहेका माओवादी संयोजक प्रचण्डले माओवादीसहित सम्पूर्ण वामपन्थी शक्तिहरूलाई राष्ट्रको संकट समाधानका निम्ति एकढिक्का भएर लाग्न आह्वान गरेका छन्। वर्तमान अवस्थामा संविधानको रक्षा गर्दै समुन्नत लोकतन्त्रको विकास र राष्ट्रिय स्वाधिनताका लागि सबै गणतान्त्रिक शक्तिलाई राष्ट्रिय एकताको साझा मोर्चामा गोलबन्द हुन मंगलबार सामाजिक सञ्जालमार्फत आह्वान गरेका प्रचण्डले देशका सामु हाल देखिएका जटिलता तथा जनअपेक्षा, राष्ट्रिय स्वाधीनता र लोकतन्त्रमाथि देखापरेका चुनौती हल गर्ने ऐतिहासिक जिम्मेवारी रहेको उल्लेख गरेका हुन्।

राष्ट्रले भोगिरहेका समस्या र संकटहरूको समाधान अग्रगामी क्रान्तिकारी विचार, प्रतिबद्ध संगठन र इमान्दार राजनीतिक पहलकदमीबाट मात्रै सम्भव रहने उल्लेख गर्दै प्रचण्डले भनेका छन्- 'देशभक्त, प्रगतिशील, वामपन्थी शक्तिहरूबीच संगठनात्मक ध्रुवीकरण तथा लोकतान्त्रिक शक्तिहरूबीच राष्ट्रिय सहकार्य अपरिहार्य बनेको छ। राष्ट्रिय स्वाधीनता, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र समाजवाद निर्माणको आधार तयार पार्न माओवादीसहितका वामपन्थी शक्तिहरूले एकता र साझा आन्दोलनमार्फत अघि बढ्नु आजको आवश्यकता हो।'

उक्त सत्यलाई आत्मसात् गर्दै देशका सबै माओवादी धारासहितका वामपन्थीहरूलाई कम्युनिस्ट पार्टीको एउटै झण्डामुनि एकताबद्ध हुन संयोजक प्रचण्डल अपिल गरेका छन्।

## लुटिएका हतियार...

उठाएका मुद्दा यथाशक्य सम्बोधन गर्दै त्यसपछि निर्वाचनमा जाँदा औचित्य रहने धारणा व्यक्त गरे।

आगामी फागुन २१ का लागि तोकिएको निर्वाचनबारे आफ्ना धारणा व्यक्त गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का नेता माधव सापकोटाले सरकारले दललाई विश्वासमा लिनुपर्ने र दलले सरकारलाई सहयोग गर्नुपर्नेमा जोड दिए। यो वा त्यो बहानामा सरकार र राजनीतिक दलले निर्वाचनलाई छल्न नहुने भन्दै उनले निर्वाचनको वातावरण बनाउन लुटिएका हातहतियार र भागेका कैदीलाई नियन्त्रणमा लिन उच्च प्राथमिकता दिनुपर्ने बताए।

'सरकारले जाँगरका साथ काम गऱ्यो भने त्यो असम्भव छैन' उनले भने 'प्रहरीको मनोबल उच्च बनाएर सक्रियतापूर्वक परिचालन गर्न सक्दा त्यो काम सम्भव छ।' सापकोटाले लुटिएको हतियार र फरार कैदीलाई फिर्ता नल्याउँदा निर्वाचन मात्रै नभएर समाजको विद्यमान शान्तिसुरक्षा, अमनचयन र सामाजिक सदभावमा समेत खलल पुग्न सक्नेतर्फ औंल्याउँदै यसैलाई वहाना बनाएर चुनावको तिथिमिति तलमाथि गर्न नपाइने बताए।

उनले सरकार, राजनीतिक दल र सरोकावाला पक्ष सबै मिलेर तोकिएको समयमा निर्वाचन गर्ने वातावरण बनाउनु पर्नेमा उनको जोड थियो। माओवादी केन्द्रीय समिति बैठकले समेत अहिलेको राजनीति निकास भनेको निर्वाचन नै भएको निष्कर्ष निकाल्दै निर्वाचनको वातावरण बनाउनु पर्ने निर्णय गरिसकेको छ।

यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता महेश बर्तौलाले 'जेन-जी' प्रदर्शनपछि स्थितिबाट मुलुकलाई संवैधानिक र लोकतान्त्रिक मार्गमा फर्काउन विधि भनेको निर्वाचन वा संसद पुनर्स्थापनमध्ये एक भएको बताए। 'संसदलाई लोकतान्त्रिक मार्गमा ल्याउने विधि भनेको निर्वाचन हो' भन्दै उनले निर्वाचनमा सहभागी हुने र परीक्षण हुनेमा एमाले कहिल्यै नभाग्ने तर त्यसका लागि सहजै जनताको माझमा जाने वातावरण हुनुपर्नेमा जोड दिए।

'हरेक राजनीतिक पार्टीले आफ्नो विचार, दृष्टिकोण र उम्मेदवारमार्फत जनताका माझमा सहज ढंगले जान पाउनुपर्छ' भन्दै उनले मतदाताले पनि भयरहित वातावरणका बीच आफूले मन पराएको व्यक्तिलाई मतदान केन्द्रमा गएर चुन्न र चुनिन मत खसाल्न पाउनुपर्ने बताए। सरकारले समग्र राजनीतिक पार्टी र आमजनतालाई विश्वासमा लिएर निष्पक्ष, धाँधलीरहित र स्वतन्त्र ढंगबाट निर्वाचनको वातावरण तयार गर्ने जिम्मेवारी लिनुपर्ने उनको भनाइ थियो। उनले सरकारले राजनीतिक दलहरूलाई विश्वासमा लिनुपर्नेमा त्यसमा आशंका पैदा भएको बताए।

'यसअघि २०६२/०६३ को आन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै तोकिएको समयमा निर्वाचन हुनुपर्छ' भन्दै उनले सरकारले लुटिएका हतियार फिर्ता ल्याउने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने, फरार कैदीबन्दीलाई पक्राउ गर्नुपर्नेमा जोड दिए।

लोकतान्त्रिक समाजवादी पार्टीका रामप्रकाश चौधरीले सरकारले निर्वाचनका लागि शान्ति सुरक्षाको प्रत्याभूति गर्नुपर्ने मत जाहेर गरेका छन्। 'जेन-जी' प्रदर्शनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार जफत नगर्दासम्म निर्वाचन शान्तिपूर्ण नहुने उनको टिप्पणी थियो। 'सबैभन्दा पहिला ती हतियार जफत हुनुपऱ्यो, फरार कैदीलाई समात्नुपऱ्यो। शान्तिसुरक्षाको अवस्था सुनिश्चित गर्नुपऱ्यो' उनले भने 'त्यसो नहुँदासम्म निर्वाचनको वातावरण बन्लाजस्तो लाग्दैन।'

निर्वाचन प्रक्रियाबाट स्थापित राजनीतिक दल र नेताहरू निर्वाचनबाट भाग्ने प्रश्नै नआउने बताउँदै उनले निर्वाचनका लागि सहज वातावरण हुनुपर्नेमा जोड दिए। 'राज्यका सम्पत्ति ध्वस्त पारेर राज्य बलियो हुन सक्दैन' चौधरीको भनाइ थियो 'हत्या, हिंसा, लुटपात, तोडफोड, आगजानीजस्ता अमानवीय एवं अराजक गतिविधिको विरोध गरी संलग्न जो कोहीलाई सख्त कारबाही गर्नुपऱ्यो।'

'जेन-जी' समूहले उठाएका भ्रष्टाचार नियन्त्रण र सुशासनको माग स्वाभाविक भए पनि मुलुकका महत्वपूर्ण राष्ट्रिय सम्पत्तिमाथि तोडफोड र आगजनी गर्ने कार्य गलत भएको भन्दै राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले 'व्यक्ति दोषी, सजाय व्यवस्थामाथि हुनु नहुने बताए।

भ्रष्टाचार गर्नेलाई कारबाहीको दायरामा ल्याउन सकिन्छ भन्दै उनले त्यसका नाममा जनताको करबाट बनाइएका संरचनामा क्षति पुऱ्याउने हर्कत नेपाली नागरिकबाट हुनै नसक्ने बताए। मुलुकमा विकसित पछिल्लो घटनामा विदेशी घुसपैठ भएको हुनसक्ने आशंका व्यक्त गर्दै अध्यक्ष केसीले यस्तो अराजक घटनाक्रमले लोकतन्त्र र गणतन्त्रलाई कमजोर बनाउने बताए। 'व्यक्ति विशेषले गलत गर्ने तर त्यसको सजाय लोकतन्त्र र गणतन्त्रले भोग्नुपर्ने भन्ने हुनसक्दैन' उनको भनाइ थियो।

'जेन-जी' प्रदर्शनका क्रममा देशभरका विभिन्न २८ वटा कारागारबाट १३ हजार पाँचसय ८५ कैदीबन्दी र नौवटा बाल सुधारगृहबाट नौसय ६४ बालबन्दी गरी १४ हजार पाँचसय ४९ बन्दी भागेकामध्ये पाँच हजार कैदीबन्दी अझै सम्पर्कमा आएका छैनन्।

कारागार व्यवस्थापन विभागका निर्देशक चामेन्द्र न्यौपानेले ४ हजार ५ सय ९६ कैदी र ३ सय ८६ बालबन्दी समेत कुल ४ हजार ९ सय ८२ बन्दै अझै फरार रहेको जानकारी दिए।

तीमध्ये हालसम्म नौ कैदी र ५८२ बालबन्दी गरी कुल नौ हजार ५८२ बन्दी कारागार फर्केका छन्। कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार चार हजार ५९६ कैदी र ३८६ बालबन्दी गरी कुल चार हजार ९८२ बन्दी अझै फरार छन्। ठूलो संख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएको छ।

प्रदर्शनको मौका पारेर काठमाडौंका नक्खु, डिल्लीबजार, जगन्नाथदेवल, सुनसरीको झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, , मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, दाङ तुलसीपुर, नौवस्ता बाँके, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट १३ हजार ५ सय ८५ कैदीबन्दी भागेका थिए।

यसैगरी भक्तपुर, मकवानपुर, मोरङ, पर्सा, कास्की, रूपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधारगृहबाट ९ सय ६४ बालबन्दी भागेका थिए। मुलुक भरका ७२ जिल्लामा रहेका ७५ वटा कारागार र बालगृहमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार ६ सय ४१ कैदी र बालबन्दी रहेका छन्।

## छठ पर्वको शुभ-कामना : सद्भाव र सहकार्य बढाउने विश्वास

**काठमाडौं।** छठ पर्वका अवसरमा देश-विदेशमा रहेका सारा नेपाली दिदीबहिनी तथा दाजुभाइहरूका लागि प्रवाह गरिएका शुभ-कामना सन्देशहरूमा परिवर्तन पक्षधर शक्तिहरूबीच आपसी सम्मान, सामाजिक सदभाव र सहकार्यको भावना सुदृढ गर्नुपर्ने आवश्यकता रहेको औंल्याइएको छ। छठ पर्वको शुभ-कामना व्यक्त गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिवर्तन पक्षधर शक्तिहरूबीच आपसी सम्मान, सामाजिक सदभाव र सहकार्यको भवना सुदृढ गर्नु आवश्यक रहेको बताएका हुन्।

लोकआस्था, सामाजिक एकता र प्रकृतिप्रतिको कृतज्ञताका महान पर्व छठको पावन अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गर्दै उनले भने 'परिवर्तन पक्षधर शक्तिहरूबीच आपसी सम्मान, सामाजिक सदभाव र सहकार्यको भावना सुदृढ गर्दै हामी सबै मिलेर समृद्ध, न्यायपूर्ण र समाजवादी नेपालको निर्माणतर्फ अघि बढ्न सकौं भन्ने विश्वास व्यक्त गर्दछु।' आजको चुनौतीपूर्ण राजनीतिक, आर्थिक र सामाजिक परिस्थितिमा छठले दिने आत्मबल, धैर्य र आशावादको सन्देश झन महत्वपूर्ण बनेको धारणा व्यक्त गर्दै संयोजक दाहालले भने 'छठ पर्वले प्रकृति र मानवभित्र विद्यमान अँध्यारोलाई चिर्दै सबैमा मनको उज्यालो, पवित्रता र सकारात्मक ऊर्जा जगाओस्। देशमा शान्ति, समृद्धि र स्थायित्वको नयाँ प्रभात उदाओस् भन्ने हार्दिक कामना गर्दछु।'

विशेषगरी तराई-मधेसको मुख्य चाडका रूपमा मनाइने छठले हाम्रो संस्कृति, परम्परा, श्रम-सम्बन्ध र जनजीवनसँग गहिरो रूपमा जोडिएको मानव र प्रकृतिबीचको सम्बन्धलाई अझ सशक्त बनाउँदै सहअस्तित्व, सन्तुलन र आत्मशुद्धिको चेतना जगाउने समेत संयोजक दाहालले बताए। राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले छठ पर्वले सामाजिक, सांस्कृतिक सदभाव र राष्ट्रिय एकता मजबुत बनाउन विशिष्ट भूमिका खेल्ने विश्वास व्यक्त गरे।

स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं दीर्घायुको शुभकामना व्यक्त गर्दै उनले उक्त विश्वास गरेका हुन्। 'हाम्रो देश बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय विशेषतायुक्त राष्ट्र हो, संविधानले नै विविध जाति, धर्म, संस्कृति र समुदायलाई समान अधिकार दिएको छ, विभिन्न जाति, धर्म र समुदायका मौलिक संस्कृति अनुसारका चाडपर्वहरूले हाम्रो विविधतालाई प्रतिबिम्बित गरेका छन्' उनले भने। विविधताभित्रको एकता नै नेपाली हुनुको पहिचान भएको उल्लेख गर्दै उनले परिवारको कल्याण, सन्तान सुख र मनोकामना पूरा हुने विश्वासका साथ मनाइने छठ पर्वले हामीले सबैलाई परिवार, समुदाय र समग्र मानव कल्याणको मार्गमा अघि बढ्न प्रेरणा प्रदान गर्ने विश्वाससहित हार्दिक शुभकामना व्यक्त गरेका हुन्।


# धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं !

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक-सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक-अर्काका चाडपर्वप्रति सम्मान गरौं,
- अरूलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौ !

नेपाल सरकार

विज्ञापन बोर्ड


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं